सँगसँगै येशूलाई पछ्याउनु

बाल-बालिकाहरूका निम्ति

40 दिने प्रार्थनाको करार!

WWW.THEPRAYERCOVENANT.ORG

अनुग्रह स्वर्गमा हुनुहुने प्रिय पिता, मलाई प्रेम गर्नुभएकोमा र मलाई तपाईंका सन्तानमध्ये एक बनाउनुभएकोमा तपाईंलाई धन्यवाद छ।

प्रेम तपाईंलाई प्रेम गर्न र तपाईंको आज्ञापालन गर्न मलाई सहायता गर्नुहोस्।

दया तपाईं जसरी मलाई प्रेम गर्नुहुन्छ त्यसरी अरूहरूलाई प्रेम गर्न मलाई सहायता गर्नुहोस्।

पश्चात्ताप म मेरा पापहरूका निम्ति दुःखी छु। मलाई धोएर सफा तुल्याउनुहोस्।

आराधना म मेरो सारा हृदयले तपाईंको प्रशंसा गर्नेछु।

समर्पण हे येशू, म तपाईंलाई मेरा प्रभु मानेर तपाईंलाई पछ्याउन चहान्छु। तपाईं जसरी चहानुहुन्छ त्यसरी मलाई परिवर्तन गर्नुहोस्।

निर्भरता मलाई तपाईंका पवित्र आत्माले भर्नुहोस्।

प्रभाव मलाई तपाईंको अनुग्रह, सत्यता र न्यायको साधन बनाउनुहोस्।

चेलापन मलाई तपाईंको महिमा र अरूहरूलाई तपाईंको पछि लाग्ने निमन्त्रणा दिनका लागि प्रयोग गर्नुहोस्।

अधिकार येशूको नाउँमा म प्रार्थना गर्दछु। आमिन।

Copyright ©2014 The 40 Day Prayer Covenant Inc. All rights reserved.

सँगसँगै येशूलाई पछ्याउनु

बाल-बालिकाहरूका निम्ति

40 दिने प्रार्थनाको करार!

WWW.THEPRAYERCOVENANT.ORG

बाइबल पदहरू

१ यूहन्ना 3:1

हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं।

मत्ती 22:37,38

तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। महान् र प्रथम आज्ञा यही हो।

यूहन्ना 15:12

मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरे, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर।

भजन 51:2

मेरा सबै अधर्मबाट मलाई पूर्ण रूपमा धोइदिनुहोस्, र मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस्।

भजन 9:1

हे परमप्रभु, मेरो पूरा हृदयले म तपाईंको प्रशंसा गर्नेछु। तपाईंका सबै आश्चर्यकर्महरूको वर्णन म गर्नेछु।

यूहन्ना 13:13

तिमीहरू मलाई 'गुरु' र 'प्रभु' भन्दछौ, त्यो तिमीहरू ठीकै भन्दछौ, किनभने म उही हुँ।

एफिसी 5:18ख

पवित्र आत्माले भरिपूर्ण होओ।

यूहन्ना 1:14

हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एक मात्र पुत्रको जस्तो थियो।

मत्ती 28:19

यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ।

फिलिप्पी 2:9

त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ।

Copyright ©2014 The 40 Day Prayer Covenant Inc. All rights reserved.

बाल–बालिकाहरूका निम्ति

प्रार्थनाको करारको शक्ति

केन्डी मारबल्ली

स्टिफन आयरको साथमा

चित्रहरू **लूक फ्लावरद्वारा** | प्रस्तावना **जेरी कर्कद्वारा**

40 Day Prayer Covenant Inc.
P.O. Box 40841
Cincinnati, OH 45240
www.theprayercovenant.org

Copyright © 2014 by Candy Marballi. All rights reserved.

All rights reserved. No part of this book may be produced by any means, electronic, mechanical, photocopying, scanning, or otherwise without permission in writing from the publisher, except by a reviewer, who may quote passages in a review. The 40 Day Prayer Covenant Card may be copied but not altered, edited, or amended and is also available online with free downloads at **www.theprayercovenant.org**.

Materials to supplement *The Power of the Prayer Covenant for Kids* are available at www.theprayercovenant.org, including free multiple-language versions of *The 40 Day Prayer Covenant Kids' Version* cards and full color Worksheets. Special discounts are available for bulk purchases.

Unless otherwise stated, biblical quotations are taken from THE HOLY BIBLE, NEW INTERNATIONAL VERSION®, NIV® Copyright © 1973, 1978, 1984, 2011 by Biblica, Inc.™ Used by permission. All rights reserved worldwide.

Design by Sound Press

ISBN 978-0-9899525-1-4

Printed in India by www.devtechprinters.com

अनुमोदनहरू

40 दिने प्रार्थनाको करारको वयस्क संस्करणको प्रार्थना गर्दा मेरो जीवन परिवर्तन हुँदैछ। अब मेरो जीवनमा छोराछोरीलाई परमेश्वरको वचन तिनीहरूका हृदयमा राख्ने र दिनहुँ प्रार्थना गर्न कटिबद्ध हुने उत्साह दिनका निम्ति यो बाल-बालिकाहरूको संस्करण प्रयोग गर्न मलाई हतार छ। यो हामीलाई सँगसँगै यात्रा गर्न सहायता पुऱ्याउने एउटा सुन्दर पुस्तक हो।

— बेख बोसवेल, SIL International, InterMission Global Prayer Coordinator

४० दिने बाल-बालिकाहरूका निम्ति प्रार्थनाको करारको शक्ति एउटा सामयिक पुस्तक हो, जसले प्रार्थनामा बाल-बालिकाहरूका हृदयमा अघिबाटै जलिरहेको आगोलाई अझ तेज बनाउँछ।

— इरमा चोन, Children's Pastor, Director of Children in Prayer

बाल-बालिकाहरूका निम्ति प्रार्थनाको करारको शक्ति नामक पुस्तक प्रार्थनाद्वारा ख्रीष्टको राज्य विस्तार गर्ने कार्यमा बाल-बालिकाहरूलाई सामेल गर्ने एउटा साहसिक चुनौती हो। केन्डी यस्तो प्रभावशाली सामग्रीका निम्ति धन्यवाद।

— गेरी एल.फ्रोस्ट, Vice President, Midwest Region and Prayer North American Mission Board

बाल-बालिकाहरूका निम्ति प्रार्थनाको करारको शक्ति पुस्तक अचम्मको छ, यो एउटा आफ्नै प्रकारको पुस्तक हो। यसको ध्यान खिँच्ने शक्ति, स्पष्टता र अति सरलताले यसलाई ख्रीष्टको देहमा एउटा महान् वरदान बनाएको छ। म विश्वास गर्दछु, परमेश्वरले यसलाई जोशका साथ प्रार्थना गर्ने, परमेश्वरको वचनमा जरा गाडेका अनि ख्रीष्टको महिमाका निम्ति अभिषिक्त सेवकाइ गर्न पठाइएका बाल-बालिकाहरूको पुस्ता खडा गर्नुहुनेछ।

— डा. जेसन हब्बार्ड, Director of Light of the World Prayer Center

यो पुस्तक सारा संसारका बाल-बालिकाहरूका निम्ति सुन्दर उदाहरण र लिखित प्रार्थनाको मार्गनिर्देशन भएको पुस्तक हो, र यो मण्डलीहरूमा, स्कुलहरूमा र परिवारहरूमा हुनै पर्ने पुस्तक हो। यो आकर्षक र व्यावहारिक दुवै छ।

— रोबर्ट ए. मेकडोनाल्ड, Retired Chairman, President and Chief Executive Officer of The Procter & Gamble Company

अनुमोदनहरू

बाल-बालिकाहरूका निम्ति प्रार्थनाको करारको शक्ति नामक पुस्तकले मेरो परिवारमा प्रार्थनाको विषयमा अघिबाटै सल्किएको आगोलाई तेज बनाउनेछ। मलाई मेरो परिवारमा र अरूहरूमा यस पुस्तकले ल्याउने अभियान देख्न हतार छ। यस पुस्तकबाट मेरा छोराछोरीहरूले सिक्ने प्रार्थनाको अनुशासन र छलफलहरूले मलाई यो अरूहरूलाई पनि बताउने र अरू धेरै जनालाई बोलाउने प्रेरणा दिएको छ।

— सिइन मेकके, G.M./Director of Sales, Lynx Enterprises & Lynx Chemicals of Dayton, Father to four children: Stephen-14, Samantha-12, Skylar-9, Shayla-7

हामीले अर्को पुस्तालाई दिन सक्ने सबैभन्दा शक्तिशाली औजार भनेको प्रार्थना हो। यो करारले हाम्रा छोराछोरीलाई येशू ख्रीष्टको प्रभुत्व स्वीकार गर्न लगाउँछ। हाम्रो मण्डली सुसज्जित भएको छ। मेरा छोराछोरीहरू आशिषित भएका छन् र म जान्दछु, तपाईंका छोराछोरीहरू पनि हुनेछन्।

— रेभ. कर्टस मोक, Associate Pastor of Hamilton Christian Center

मलाई खुशी लागेको छ, अब बाल-बालिकाहरूले तिनीहरूका प्रार्थनाको जीवनमा प्रयोग गर्न सक्ने प्रार्थनाको करार तयार भएको छ। मलाई लाग्छ, यो प्रार्थनाको करारलाई राम्रोसँगले प्रयोग गरियो भने सारा संसारका बाल-बालिकालाई प्रार्थनाको जीवन जिउन तयार पार्न सकिनेछ। यसैले हामी उच्च सोरमा घोषणा गर्दछौं, 'आओ, बाल-बालिका हो, प्रार्थना गर्न र परमेश्वरको आराधना गर्न सिक'।

— डा. लोउ सिरे, Director of Clergy Development/Prayer Ministry, International Pentecostal Holiness Church

बाल-बालिकाहरूका निम्ति प्रार्थनाको करारको शक्ति नामक पुस्तकले परमेश्वरका प्रेमिलो गुणहरू अनि प्रेम गरिएका छोराहरू र छोरीहरूको रूपमा बाल-बालिकाहरूको पहिचान निपुणता साथ विकास गर्दछ, जो पवित्र आत्माद्वारा परमेश्वरको हृदयका कुरा सुन्न, र येशूको नाउँको अधिकारमा, एकतामा रहेर त्यो पृथ्वीमा महसुस गर्न पूर्ण रूपले सक्षम हुन्छन्।

— केटी स्टीली, Children's Director of Light of the World Prayer Center Member of 4/14 Movement

यो पुस्तक बाल-बालिकाहरूका निम्ति मात्र प्रार्थनाको विषयमा सिक्नका निम्ति पढने असल सामग्री नभएर, यो सरल र बुझ्न सहज छ, यो यस्तो असल पुस्तक हो, जसले बाल-बालिकाहरूलाई प्रार्थनाका चेलाहरू बन्ने शिक्षा दिन आमाबुबा र शिक्षकहरूलाई सहायता गर्नेछ। यो वयस्कहरूको प्रार्थनाको करारसँग घनिष्ठ रूपमा जोडिएकोले गर्दा यसले परिवारहरूलाई एक-अर्कासँग मिलेर अनि एक-अर्काका निम्ति प्रार्थनामा सामेल हुनु सहज बनाउँछ। यसबाट आफ्नो स्थानीय समुदायमा प्रार्थनालाई कसरी बढाएर लैजाने भन्ने कुरा पनि सिक्न सकिन्छ। यो पुस्तक अति राम्रो छ।

— फोर्ड, टेलर, FSH Group/Transformational Leadership

अनुमोदनहरू

बाल-बालिकाहरूलाई प्रार्थनाको आवश्यकता, कसरी प्रार्थना गर्ने र प्रार्थनाको शक्तिको बारेमा सिकाउनु जीवन परिवर्तनकारी हुँदछ। प्रार्थनाको महत्त्वबाहेक, यो पुस्तकले बाल-बालिकाहरूलाई तिनीहरूप्रति भएको परमेश्वरको प्रेम र आज्ञापालन गर्नुको महत्त्वबारे शिक्षा दिँदछ।

— थोमस ई. ट्रास्क, Former General Superintendent of the Assemblies of God

परमेश्वरले संसार परिवर्तन गर्ने बाल-बालिका र जवानहरूको पुस्ता खडा गर्दैहुनुहुन्छ। बाल-बालिकाहरूका निम्ति प्रार्थनाको करारको शक्ति नामक पुस्तक तिनीहरूलाई हरेक दिन आफ्नै र अरूहरूका निम्ति ख्रीष्टमा केन्द्रित प्रार्थना गर्न सिकाउने एउटा अचम्मको सामग्री हो। अहो, यो कति असल कुरा छ! म यसको ठूलो प्रशंसक हुँ। म यो मेरा सबै मित्र र सहकर्मीहरूलाई, विशेष गरी जवान पुस्तालाई बताउन चाहन्छु। तपाईंले पनि त्यसै गर्नुहोस् भनी म उत्साह दिँदछु।

— टम भिक्टर, President, The Great Commission Coalition, Facilitator, 4 to 14 Window North American Region

बाल-बालिकाहरूका निम्ति प्रार्थनाको करारको शक्ति नामक पुस्तक एउटा अति राम्रो बाइबलीय सामग्री हो, जसले हाम्रा छोराछोरीहरूमा सर्वशक्तिमानसँग र उहाँको निम्ति घनिष्ठता विकास गर्न सहायता गर्दछ। म विश्वास गर्दछु, यसले सबै विश्वासीलाई प्रार्थना गर्ने, सुसमाचार प्रचार गर्ने, अनि हाम्रा छोराछोरीहरूलाई उत्साहसाथ महान् आज्ञा र महान् आदेश पालन गर्ने उत्साह प्रदान गर्नेछ। ख्रीष्टको देहलाई यस्तो महान् उपहार दिनुभएका निम्ति धन्यवाद।

— के. मार्शल विलियम्स् सिनियर, Senior Pastor, Nazarene Baptist Church, Philadelphia PA and President, National African American Fellowship, SBC

समर्पण

संसारका सबै बाल-बालिकाहरूमा; तपाईंहरूका स्वर्गका पिताले तपाईंहरूलाई कति धेरै प्रेम गर्नुहुन्छ भन्ने ज्ञानमा तपाईंहरू बढ्न सक्नुहोस्।

मेरा प्रिय पति भिक र हामा छोराछोरीहरू, जोनाथन र मारियामा, तपाईंहरूको प्रेम, सहयोग र उत्साहका निम्ति।

मेरा सह-लेखक स्टिफन आयरमा, जसले आफ्नो विशेष ज्ञान बाँड्नुभयो, मार्गनिर्देशन गर्नुभयो, र यो पुस्तकको काम गर्न कटिबद्ध हुनुभयो।

जेरी कर्कमा, जसले उदारतासाथ र अटल रूपमा संसारका बाल-बालिकाहरूमा ४० दिने प्रार्थनाको करारको दर्शन फैलाउन सहायता गर्नुभयो।

बाल-बालिकाहरूको प्रार्थना तयार गर्ने दलमा हुने सबै महिलाहरूमाः एमी कर्क, सेरोन मासन, स्टिफनी प्लाङ्कोभिच, सेरोन चाज र केटि स्टीलीमा

४/१४ अभियानका इरमा चोन र केटि स्टेलीमा, उनीहरूका सहयोग र मार्गनिर्देशनका निम्ति।

प्रस्तावना

म विगत 45 वर्षभन्दा बढी समयदेखि वयस्क प्रार्थनाको करारको सेवकाईमा संलग्न छु। परमेश्वरले यसको सेवकाईलाई निरन्तर आशिष् दिनुभएको र बढाउँदै लैजानुभएको देख्दा मलाई आनन्द लाग्छ। तापनि, बाल-बालिकाहरूको प्रार्थनाको करार परमेश्वरले गर्नुभएको अर्को एउटा उदेकको काम हो। केन्डी मारबल्लीले उनको दर्शन मलाई नबताऊञ्जेल यस्तो विचार मेरो मनमा कहिल्यै पनि आएन। केन्डीलाई प्रभुले बाल-बालिकाहरूको सेवकाईमा विशेषता हासिल गरेका मानिसहरूको समूह बनाउन अगुवाइ गर्नुभयो। केन्डी र उनको समूहले आफ्नो सारा जीवन नै बाल-बालिकाहरूको सेवकाइमा दिएकाले गर्दा उनीहरू प्रार्थनाको करार बाल-बालिकाहरूकै भाषामा बनाउन उत्सुक बने। प्रार्थनाको करारको बाल-बालिकाहरूको संस्करण प्रकाशित गरेपछि केन्डी र अरूहरूले यस पुस्तकको आवश्यकता छ भनी बुझे।

वयस्कहरूको संस्करणजस्तै बाल-बालिकाहरूको प्रार्थनाको करारको पुस्तक पनि यस्तो सामग्री हो, जसले प्रार्थनामा मार्गनिर्देशन गर्छ र त्यसमा समृद्ध बनाउँछ। अनि यसको नामले संकेत गरेझैं यो बाल-बालिकाहरूका निम्ति नै लेखिएको हो। यसले बाल-बालिकाहरूलाई तिनीहरू भएकै ठाउँमा भेट्दछ, तर तिनीहरू जहाँ छन् त्यही नै तिनीहरूलाई छोड्दैन। यो एउटा सुन्दर, छोटो, स्पष्ट र चुनौतीले भरिएको प्रार्थना हो, जुन बाल-बालिकाहरूको आत्मिक वृद्धिका निम्ति सही छ।
यो पुस्तक विशेष गरी बाल-बालिकाहरूका निम्ति लेखिएको हो। तर म विश्वास गर्दछु, यसले आमाबुबालाई पनि आशिषित बनाउनेछ र उनीहरूको ज्ञान बढाउनेछ- यसरी उनीहरू आफ्ना छोराछोरीका निम्ति आशिषको स्रोत बन्न सक्छन्, यसले बाल-संगति (सन्डे स्कुल) का शिक्षक-शिक्षिकालाई पनि आशिषित बनाउँदै उनीहरूको ज्ञान बढाउनेछ, जसको कारण उनीहरूले आफ्ना विद्यार्थीहरूलाई आशिष् दिन सक्छन्, अनि यसले पास्टरहरूलाई पनि आशिषित बनाउनेछ, यसद्वारा उनीहरूले सम्पूर्ण ख्रीष्टियन शिक्षा प्रक्रियालाई आशिषित बनाउन सक्नेछन्।

बाल-बालिकाहरूले प्रार्थना गर्नु एउटा स्वाभाविक कुरा हो, अनि छोराछोरीले आफूले भरोसा र प्रेम गर्ने आफ्ना आमाबुबाको साथमा प्रार्थना गर्नु स्वाभाविक नै हो। बाल-बालिकाहरूको प्रार्थनाका करारको पुस्तकले आमाबुबा र शिक्षकहरूलाई सही बाटोमा डोऱ्याउँछ। यो प्रार्थना-आकारको बाटो हो, जसले बाल-बालिकाहरूलाई परमेश्वरले गर्नुहुने प्रेम र तिनीहरू हरेकलाई चाहिने शान्ति प्रदान गर्दछ।
सुरु-सुरुमा मलाई बाल-बालिकाहरूको प्रार्थनाको करार पुस्तक एउटा राम्रो तरिका हो जस्तो लागेको थियो। अहिले म बाल-बालिकाहरूको प्रार्थनाको करार पुस्तक छपाउनु हाम्रा अगुवाहरूको समूहले गरेको अति नै महत्त्वपूर्ण निर्णय हो भनी विश्वास गर्दछु। यो सारा संसारभरि प्रार्थनाको करारको आगो सल्काउने सलाईको काँटी बन्न सक्छ।

जेरी कर्क
द प्रेयर कभनेन्टका संस्थापक र अध्यक्ष

भूमिका

हामीसँग एउटा कार्यक्रम छ, अनि त्यो हामी तपाईंलाई बताउन चाहन्छौं।

हामी सारा संसारभरि आत्मिक जागृतिका निम्ति उत्साह दिन र त्यो सजिलो बनाउन यो लेखिरहेका छौं।

हामीले बाल-बालिकाहरूको प्रार्थनाको करारको दर्शन देख्छौं, अनि यो पुस्तक परमेश्वरका आत्माको हातमा सलाईको काँटीको रूपमा छ, जसले मण्डलीलाई उत्साहित बनाउँछ र संसारलाई परिवर्तन गर्दछ।

अर्को प्रकारले भन्नुपर्दा, हामीसँग एउटा ठूलो दर्शन छ र एउटा निश्चित कार्य छः

दर्शन:

सारा संसारका बाल-बालिकाहरूले यो प्रार्थनाको करारको पुस्तक प्रयोग गर्दै उनीहरूका स्वर्गका पितासँग आफ्नो घनिष्ठता बढाएका र ख्रीष्टका निम्ति अरूहरूलाई प्रभाव पारेको देख्नु।

लक्ष्य:

परिवारहरूलाई, सेवकाइहरूलाई, मण्डलीहरूलाई र स्कुलहरूलाई बाल-बालिकाहरूको प्रार्थनाको करारको पुस्तक प्रयोग गर्ने क्षमतासहित जीवनभरि येशू ख्रीष्टको समर्पित चेलाहरूको रूपमा सुसज्जित पार्नु।

भूमिका

एक्काईसौं शताब्दीमा, सारा संसारभरिकै मण्डलीभित्रका बाल-बालिकाहरूमा एउटा नयाँ र रोचक परिवर्तन भएको छ। मण्डलीले संसारको जनसंख्यामा बाल-बालिकाहरू र जवानहरू सबैभन्दा ठूलो पुस्ताको समूह भएको थाहा पाएको छ (पुस्ता Z: 90 को दशकको सुरुतिर जन्मेकाहरूदेखि अहिलेसम्मकाहरू)। यसले मिसन र सेवकाइको मुख्य लक्ष्य बाल-बालिकाहरू हुनुपर्छ भनी मान्छ। यो स्पष्ट रूपमा देखिएको कुरा मात्र नभएर त्यसो गर्नु पवित्र धर्मशास्त्रप्रति विश्वासयोग्य हुनु पनि हो। सुरुदेखि नै बाल-बालिकाहरू परमेश्वरको योजनाका भागको रूपमा छन्, र अहिले पनि छन्।

अहिलेको पुस्ता Z मिसनका निम्ति पाकेको खेत हो। अनुसन्धानले पुष्टि गरेको छ, कि तिनीहरू संसारमा प्रभाव पार्न चाहन्छन्- तिनीहरू सामग्रीहरूमा भन्दा कारणहरूमा बढी रुचि लिन्छन्। तिनीहरू प्रविधिको व्यावहारिक ज्ञान भएका र 24 घन्टा र सातै दिन त्योसँग जोडिएका हुन्छन्, अनि तिनीहरू सकारात्मक भिन्नता ल्याउन चाहन्छन्। यसैले हामी पहिलेभन्दा बढी अहिले बाल-बालिकाहरूलाई हराएको र मरिरहेको संसारमा ख्रीष्टको राज्यका प्रतिनिधिहरू बनाउने काममा लाग्नुको ठूलो अर्थ हुन्छः जुन संसारलाई आशा, प्रेम र शान्ति चाहिएको छ, त्यो कुरा येशूले मात्र ल्याउन सक्नुहुन्छ। हामी विश्वास गर्छौं, बाल-बालिकाहरूको प्रार्थनाको करार पुस्तक बाल-बालिकाहरूको पुस्तामा पुग्ने र परमेश्वरले तिनीहरूलाई बोलाइरहनुभएको सेवकाइका निम्ति तिनीहरूलाई तयार पार्ने एउटा शक्तिशाली सामग्री बन्नेछ।

जेरी कर्कले सन् 2010 मा ख्रीष्टको प्रभुत्व र प्रार्थनाको करारको विषयमा बोलेका सुनेपछि मेरा पति र म हाम्रो मण्डलीको अरू सयौं जनासित सामेल भयौं र तिनीसित प्रार्थनाको करारमा प्रवेश गऱ्यौं। हामीले दिनहुँ त्यो प्रार्थना गर्न र त्यसबाट शक्तिको अनुभव गर्न थाल्यौं। सन् 2013 मा, मेरो प्रार्थनाको समयमा परमेश्वरले मलाई बाल-बालिकाको प्रार्थनाको कार्डको दर्शन दिनुभयो अनि त्यसरी बाल-बालिकाहरूको प्रार्थनाको करारको सेवकाइ सुरु भयो। अक्टुबर, 2014 मा न्यू योर्क शहरमा प्रमिस मिनिस्ट्रीजमा भएको 4/14 वेस्ट प्राक्टिसेस कन्फरेन्समा बाल-बालिकाहरूका निम्ति प्रार्थनाको करारको शक्ति नामक पुस्तक सार्वजनिक गरियो। सम्मेलनमा आएका अफ्रिकी प्रतिनिधिहरूलाई यो कुरा बताएपछि परमेश्वरले अन्तर्राष्ट्रिय प्रार्थना करारको सेवकाइ सुरु गर्नुभयो। त्यसको एक महिनापछि राष्ट्रिय प्रेसको समाचारले यो पुस्तकलाई Education by Illumination Book Awards (2015) स्वर्ण पदक प्रदान गऱ्यो। आज, हामीले यसको दोस्रो संस्करण छापेका छौं, र संसारका 40 वटा देशका दश लाख बाल-बालिकालाई यस पाठ्यक्रमद्वारा चेला बनाइँदैछ। यो त सुरु मात्र हो भनी हामी विश्वास गर्छौं। यो सरल प्रार्थनाको सामग्री लिएर प्रत्येक बाल-बालिकाकहाँ पुग्ने हाम्रो दर्शन छ। प्रार्थनाको करारमा प्रवेश गर्नेहरूले यो शक्तिशाली र जीवन परिवर्तनकारी पाएका छन्।

भूमिका

वयस्क प्रार्थनाको करारको पुस्तकले नै बाल-बालिकाका निम्ति पनि त्यस्तै सरल पुस्तक लेख्ने प्रेरणा दिएको हो। यो सरल छ, तापनि यसमा गहनता र सारको कमी छैन। यो प्रार्थनाले सारा संसारका बाल-बालिकालाई शक्तिशाली बनाउँदैछ। बाल-बालिकाहरूले यी दश वटा विषयवस्तुको अध्ययन गर्दै जाँदा येशूको पछि लाग्नुको साँचो अर्थ बुझ्नेछन्। जब तिनीहरूले उहाँका गुणहरू त्यसले तिनीहरू ख्रीष्टमा को हुन् भनी बुझाउँछ र तिनीहरूका जीवनको उद्देश्य थाहा पाउन सहायता गर्छः जुन उद्देश्य परमेश्वरको महिमा गर्नु र सदासर्वदा उहाँमा रमाउनु हो। बाल-बालिकाहरूले येशूसँग जति धेरै समय बिताउँछन्, त्यति नै बढी तिनीहरू उहाँजस्तो बन्दैजान्छन्- अनुग्रह, प्रेम, दया र क्षमाले पूर्ण बन्छन्। यो यस्तो प्रार्थना हो जसले चेलापन, जीवन परिवर्तन र सुसमाचारलाई प्रोत्साहन दिन्छ।

किन चालीस दिन?

यो प्रार्थना जीवनभरि नै प्रयोग गर्न सकिने भए पनि बाल-बालिकाहरूले एक-अर्कासँग चालीस दिनसम्म प्रार्थना गर्ने करार गर्न सक्छन्। यो करार शिक्षक, आमाबुबा, सहोदर दाजुभाइ, दिदी-बहिनी, सल्लाहकार वा मित्रसँग पनि गर्न सकिन्छ। चालीस दिन समाप्त भएपछि बालक वा बालिकाले कुनै नयाँ व्यक्तिलाई बोलाउन सक्छ, र त्यस व्यक्तिको निम्ति अर्को चालीस दिन प्रार्थना गर्न सक्छ, अनि अरूसँग पनि त्यसते गर्दै जान सक्छ। यसरी अरू व्यक्तिसित मिलेर वा अरू मानिसहरूका निम्ति प्रार्थना गर्नु एउटा जीवनको शैली नै बन्छ- अर्थात् प्रार्थनाको करारको जीवनशैली बन्छ।

हामीले प्रत्येक पंक्तिका निम्ति सुहाउँदा बाइबल पदहरू किन सामेल गरेका छौं?

पवित्रशास्त्र बाइबलका वचनहरूद्वारा हाम्रा प्रार्थनाहरू शक्तिशाली र समृद्ध बन्छन्। येशूले भन्नुभयो, 'यदि तिमीहरू ममा रह्यौ भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ' (यूहन्ना 15:7)। बाइबल पदहरू कण्ठ गर्नु पनि एउटा शक्तिशाली औजार हो। यो एउटा यस्तो कुरा हो, जुन एक पल्ट सिकेपछि छोराछोरीसँग सारा जीवनभरि साथमा रहन्छ। जति धेरै बाइबल पदहरू कण्ठ गरिन्छ, त्यत्तिनै बढी चुनौती र परीक्षाहरूको सामना गर्ने शक्ति र क्षमता आउँछ।

प्रार्थनाको प्रवाह

प्रार्थना एउटा सूची वा व्यक्तिगत प्रार्थनाका विषयहरू मात्र भन्दा बढी हो। त्यसको प्रत्येक पंक्ति त्योभन्दा अघिको पंक्तिमा निर्माण भएको हुन्छ, अनि तिनले स्वाभाविक रूपले अर्कोतिर बढाउँछन्। प्रार्थनाद्वारा पिताले बाल-बालिका र जवानहरूलाई अझ बढी उहाँका पुत्र येशू ख्रीष्टको स्वरूपमा बनाउनुहुन्छ, त्यस्ता छोराछोरीहरू जो

- उहाँलाई प्रेमिलो पिता मानेर उहाँको **अनुग्रह** लाई स्वीकार गर्छन्,
- उहाँको आज्ञापालन गर्दै अरूहरूलाई **प्रेम गर्छन्,**

भूमिका

- उहाँले देखाउनुभएजस्तै अरूहरूलाई **दया** देखाउँछन्।
- पापको निम्ति साँच्चै **पश्चात्तापी** हुन्छन्।
- जसको परिणाम साँचो **आराधना** हुन्छ।
- दिनहुँ येशूको पछि लाग्न **समर्पित** हुन्छ।
- अनि पवित्र आत्मामा **निर्भर** भएर जिउँछ।

त्यसको परिणाम हुन्छः

- ती बाल-बालिकाले धार्मिकतामा अरूहरूलाई **प्रभाव** पार्नेछन्।
- जो येशू ख्रीष्टका परिपक्व **चेलाहरू** बनिरहेका हुन्छन्।
- जो येशू ख्रीष्टको **अधिकार**को अधीनमा जिउँछन् र प्रार्थना गर्छन्।

यस पुस्तकको खाका

यस पुस्तकको पहिलो आधा भाग बाल-बालिकाहरूका निम्ति मात्र हो। हामी चाहन्छौं, तिनीहरूले यो पढून्। हामी चाहन्छौं, ती चित्रहरूले तिनीहरूलाई प्रेरणा देऊन्, बाइबलका पदहरूले तिनीहरूका हृदयलाई आकर्षित गरून्, प्रार्थनामा तिनीहरू लागून्। प्रार्थना पढ्दा यो पुस्तकले परमेश्वरको वचनमाथि मनन गर्दा र एकसाथ प्रार्थना गर्दा दुवैले आराधनाको स्वरूप प्रदान गर्न सक्छ। यो प्रत्येक दिन आनन्द र धन्यवादसहित सुरु गरियोस्, अनि प्रत्येक दिन सान्त्वना र शान्तिसहित अन्त्य गरियोस्।

यो पुस्तकको दोस्रो आधा भाग बाल-बालिकाका निम्ति पनि हो, तापनि यसको मुख्य उद्देश्य शिक्षक आमाबुबाहरूले ४० दिने प्रार्थनाको करार, बाल-बालिकाहरूको संस्करण प्रस्तुत गर्दा प्रयोग गर्नका निम्ति पाठ्यक्रमको संसाधन उपलब्ध गराउनु हो। पुस्तकको दोस्रो भागले अझ गहन अध्ययन गर्न, परस्पर कुराकानी गर्न उत्साह दिनका निम्ति छलफलका प्रश्नहरू, प्रार्थनाको बीच-बीचमा विश्रामका समयहरू, बाइबलको एउटा कथा, अभ्यासका पन्नाहरू उपलब्ध गराउँछ- साथमा बाल-बालिकाहरूका निम्ति प्रार्थना करारको रेकर्ड पनि छ, जुन अरूहरूसँग करार गर्दा तिनीहरूले ती प्रयोग गर्न सक्छन्- अनि अन्तिम तर कम महत्त्वको होइन, बाल-बालिकाको पीठ थपथपाउनु, ताकि तिनीहरूले आफ्नो रचनात्मकता र खुशी व्यक्त गरून्। यस पुस्तकको दोस्रो आधा भाग लेखिएजस्तै जोडले पढ्न सकिन्छ वा तपाईंको आफ्नै पाठ्यक्रम तयार गर्नका निम्ति मार्गनिर्देशनको रूपमा प्रयोग गर्न सकिन्छ- निर्णय तपाईंको हो।

बाल-बालिकाहरूको परिचय

हे नानी हो!

बाल-बालिकाहरूका निम्ति 40 दिने प्रार्थनाको करारको शक्ति पुस्तक विशेष गरी तपाईंको प्रार्थनाको जीवन बलियो बनाउन र बढाउनका निम्ति तयार पारिएको हो। शक्ति भन्ने शब्द सुन्दा तिमीहरूको मनमा सबैभन्दा पहिले के सम्झन्छौ? महान् वीरहरू? प्रसिद्ध मानिसहरू? पैसा? परमेश्वर? यदि तिमीहरू परमेश्वरलाई सम्झन्छौ भने ठीकै गर्छौ। परमेश्वर शक्तिशाली हुनुहुन्छ। 'स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ' (मत्ती 28:18)। अहो, त्यो त कता हो कता महान् शक्ति हो। बाइबलले यसो पनि भन्छ, 'परमेश्वरका निम्ति कुनै कुरा असम्भव छैन!' के तिमीलाई थाहा छ, यदि तिमीहरूले माग्यौ भने परमेश्वरको शक्ति तिमीहरूको हुनेछ? येशूले भन्नुभयो, 'यदि तिमीहरूले मेरो नाउँमा केही माग्यौ भने त्यो म गर्नेछु।' अहो! के प्रार्थनामा शक्ति छ र येशूको नाउँमा शक्ति छ? हो छ! अनि तिमीहरूले त्यो माग्नु मात्र पर्छ। येशूले भन्नुभयो, 'माग र तिमीहरूले पाउनेछौ र तिमीहरू आनन्दित हुनेछौ।' प्रार्थना गर्नु भनेको भौतिक कुराहरू वा आफूले चाहेका कुराहरू पाइयोस् भनी प्रार्थना गर्नु होइन? यो परमेश्वरसित प्रेम, विश्वास, धैर्य, चंगाइ, अगुवाइ र शक्ति माग्नु हो- प्रार्थना गर्नु भनेको हामीलाई उहाँजस्तै बनाइयोस् भनी बिन्ती गर्नु हो। तिमीहरूले प्रार्थना गर्दा येशूसँग पापको क्षमाको माग्नु, उहाँको आत्माले भरिमाग्नु, अनि हामीलाई उहाँको महिमाका निम्ति प्रयोग गरून् भनी बिन्ती गर्नु नै सबै असल कुराहरू हुन्।

येशूले तिमीहरूलाई व्यक्तिगत र पूर्ण रूपमा प्रेम गर्नुहुन्छ। जसरी तिमीहरूका आमाबुबा तिमीहरूका दिन कसरी बित्यो होला, तिमीहरू कुन कुराका निम्ति धन्यवादी छौ वा कुन कुराले तिमीहरूलाई दुःख दिइरहेको छ भनी सुन्न पाउँदा खुशी हुन्छन्, त्यसरी नै स्वर्गका पिताले पनि तिमीहरूका कुराहरू सुन्ने इच्छा गर्नुहुन्छ।

प्रार्थना महत्त्वपूर्ण छ, र यो आनन्दको कुरा बन्न सक्छ। तिमीहरूले यो संसारमा येशूसँग प्रार्थनामा समय बिताउनु र उहाँको वचन पढ्नुभन्दा अझ सुन्दर कुरा अरू केही छैन भनी थाहा पाउनेछौ। हामीले तिमीहरूलाई सिकाउन प्रार्थनाको हरेक पंक्तिसँग बाइबल पदहरू पनि राखेका छौं। येशूले भन्नुभयो, 'जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र त्यसकहाँ वास गर्नुहुनेछ।' यो एउटा विशेष प्रतिज्ञा हो।

प्रार्थना साँच्चै महत्त्वपूर्ण छ। तिमीहरू जति धेरै प्रार्थना गर्दछौ, त्यति नै बढी उहाँको अनुग्रह र ज्ञानमा बढ्नेछौ, झन् बढी येशूजस्तै बन्दैजानेछौ र आत्माको फलको अनुभव गर्नेछौ। आत्माका फल हुन्ः 'प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता र संयम।' यस कुराले येशूलाई प्रसन्न तुल्याउँछ।

हामी आशा गर्छौं, तिमीहरू यस पुस्तकलाई उपयोगी पाउनेछौ, अनि तिमीहरूका आमाबुबा, दिदी-बहिनी, दाजुभाइ, हजूरबा-हजूरआमा र मित्रहरूसँग बसेर वचन पढ्ने र प्रार्थना गर्ने कार्यबाट आनन्द पाउनेछौ।

अन्त्यमा, एउटा कुरा छ, जुन तिमीहरूले कहिल्यै नभुल्ने प्रतिज्ञा गर्नुपर्छ। तिमीहरूका स्वर्गका पिताले तिमीहरूलाई अनन्त, कहिल्यै समाप्त नहुने, सदासर्वदा र सधैं रहिरहने प्रेमले तिमीहरूलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा भुल्नुहुँदैन।

बाल-बालिकाहरूको परिचय

प्रार्थनाको करार के हो?

हुन सक्छ, तिमीहरूले 'करार के हो त?' भनी सोचिरहेका छौ। करार भनेको दुइ वा दुइभन्दा बढ्ता मानिसहरू बीचको सम्झौता हो। तिमीहरूले पहिले प्रत्येक दिन आफै वा कुनै अर्को व्यक्तिसँग मिलेर यो प्रार्थना गर्दै सुरु गर्न सक्छौ। यदि एकलै सुरु गर्छौ भने, तिम्रो साथमा हुनका निम्ति चाँडै कसैलाई चुन्ने निश्चय गर। तिमीहरू आफ्ना आमा, बुबा हजूरआमा, हजूरबा, दिदी-बहिनी वा दाजुभाइ वा मित्रसँग 40 दिनका निम्ति करार गर्न सक्छौ। यो 40 संख्या बाइबलमा धेरै पटक प्रयोग भएको छ-के तिमीहरू यो संख्या प्रयोग भएको कुनै बाइबल पदको बारेमा सोच्न सक्छौ? यी पदहरू हेरः उत्पत्ति 7:12; प्रस्थान 34;38 मत्ती 4:2। यो कसरी गर्नुपर्छ भने, तिमीले 40 दिनसम्म त्यस व्यक्तिका निम्ति प्रार्थना गर्नुपर्छ र उसले तिम्रो निम्ति प्रार्थना गर्नेछ। 40 दिन समाप्त भएपछि तिमीहरूले कुनै नयाँ व्यक्तिलाई बोलाएर उसँग फेरि नयाँ करार गर्न सक्छौ।

अरूहरूका निम्ति 40 दिनसम्म प्रार्थना गर्नु भनेको तिमी तिनीहरूलाई प्रेम र वास्ता गर्छौ भनी देखाउने स्पष्ट उपाय हो। अनि यो याद राख, येशू तिम्रो कुरा सुन्न मन पराउनुहुन्छ। उहाँ तिमीले हरेक दिन उहाँसँग समय बिताएको चाहनुहुन्छ। येशूसँग समय बिताउनु रमाइलो कुरा हुन्छ! अनि हामी सँगसँगै मिलेर येशूलाई पछ्याउनु पनि रमाइलो हुन्छ!

मैले कसलाई सोध्नुपर्छ?

40 दिन किन?

बाल-बालिकाहरूका निम्ति

40 दिने प्रार्थनाको करार!

स्वर्गमा हुनुहुने प्रिय पिता,

मलाई प्रेम गर्नुभएकोमा र मलाई तपाईंको सन्तानमध्ये एक बनाउनुभएकोमा तपाईंलाई धन्यवाद छ।

तपाईंलाई प्रेम गर्न र तपाईंको आज्ञापालन गर्न मलाई सहायता गर्नुहोस्।

तपाईं जसरी मलाई प्रेम गर्नुहुन्छ त्यसरी अरूहरूलाई प्रेम गर्न मलाई सहायता गर्नुहोस्।

म मेरा पापहरूका निम्ति दुःखी छु। मलाई धोएर सफा तुल्याउनुहोस्।

म मेरो सारा हृदयले तपाईंको प्रशंसा गर्नेछु।

हे येशू, म तपाईंलाई मेरा प्रभु मानेर तपाईंलाई पछ्याउन चाहन्छु।
तपाईं जसरी चाहनुहुन्छ त्यसरी मलाई परिवर्तन गर्नुहोस्।

मलाई तपाईंका पवित्र आत्माले भर्नुहोस्।

मलाई तपाईंको अनुग्रह, सत्यता र न्यायको साधन बनाउनुहोस्।

मलाई तपाईंको महिमा र अरूहरूलाई तपाईंको पछि लाग्ने निमन्त्रणा
दिनका लागि प्रयोग गर्नुहोस्।

येशूको नाउँमा म प्रार्थना गर्दछु। आमिन

अनुग्रह

स्वर्गमा हुनुहुने प्रिय पिता, मलाई
प्रेम गर्नुभएकोमा र मलाई तपाईंको
सन्तानमध्ये एक बनाउनुभएकोमा
तपाईंलाई धन्यवाद छ।



हराएको भेडाको दृष्टान्त • लूका 15:1-7

येशूले जवाफ दिनुभयो,
"तिमी मेरो प्रिय सन्तान हौ,
र म तिमीलाई अनन्त प्रेमले प्रेम गर्दछु।"



1 यूहन्ना 3:1
हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं।

प्रेम

तपाईंलाई प्रेम गर्न र तपाईंको आज्ञापालन गर्न मलाई सहायता गर्नुहोस्।



अब्राहामको कथा • उत्पत्ति 12:1-5



येशूले जवाफ दिनुभयो,
“तिमीले मेरा शिक्षाहरू पालन गर
भन्ने म चाहन्छु। यदि तिमीहरू मलाई प्रेम
गर्छौ भने मेरो आज्ञापालन गर्नेछौ।”

मत्ती 22:37,38

तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा
हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा
समझले प्रेम गर्नू। महान् र प्रथम आज्ञा यही हो।

दया

तपाईं जसरी मलाई प्रेम
गर्नुहुन्छ त्यसरी अरूहरूलाई प्रेम
गर्न मलाई सहायता गर्नुहोस्।



असल सामरी • लूका 10:25-37

येशूले जवाफ दिनुभयो,
“मैले तिमीहरूलाई कति धेरै प्रेम गरेको छु भन्ने कुरा बुझ्यौ भने तिमीहरू अरूहरूलाई प्रेम गर्न सक्नेछौ। बिरामीहरूका निम्ति प्रार्थना गर्दै र तिमीहरूका वरपरका दुःखी र खाँचोमा परेका मानिसहरूलाई सहायता गर्दै मेरो प्रेम प्रकट गर।”

यूहन्ना 15:12
मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर।

पश्चात्ताप

मेरा पापहरूका निम्ति म दुःखी छु।
मलाई धोएर शुद्ध बनाउनुहोस्।



क्षमा नगर्ने नोकरको दृष्टान्त • मत्ती 18:21-35

येशूले जवाफ दिनुभयो,
“नडराऊ! म तिम्रा पापहरू क्षमा गरिदिनेछु। म तिमीलाई हिउँभन्दा सेतो बनाउनेछु, तर म चाहन्छु, जसरी मैले तिमीलाई क्षमा गरें, त्यसरी नै तिमी पनि सधैं अरूहरूलाई क्षमा गर्न तयार होऊ।”

भजन 51:2
मेरा सबै अधर्मबाट मलाई पूर्ण रूपमा धोइदिनुहोस्, र मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस्।

आराधना

म मेरो सारा हृदयले
तपाईंको प्रशंसा गर्नेछु।

ख्रीष्टमसको कथा • लूका 1 र 2

येशूले जवाफ दिनुभयो,
'मलाई तिमीले प्रशंसाका गीतहरू गाएको र मेरो आराधना गरेको सुन्न मन पर्छ। तिमीले यो कुरा सधैं गर्नुपर्छ। तिम्रो धन्यवादी हृदयले मलाई आनन्दित बनाउँछ।'

भजन 9:1

परमप्रभु, मेरो पूरा हृदयले म तपाईंको प्रशंसा गर्नेछु। तपाईंका सबै आश्चर्यकर्महरूको वर्णन म गर्नेछु।

समर्पण

हे येशू, म तपाईंलाई मेरा प्रभु मानेर तपाईंलाई पछ्याउन चाहन्छु। तपाईं जसरी चाहनुहुन्छ त्यसरी मलाई परिवर्तन गर्नुहोस्।



पत्रुस सिद्ध थिएनन् • लूका 25:54-62

येशूले जवाफ दिनुभयो,
“म तिमीहरूका गुरु हुँ। तिमीहरूले मलाई पछ्याओ भन्ने म चाहन्छु। बाटो सधैं सहज वा स्पष्ट नदेखिएला, तर ममाथि भरोसा राख- म तिमीहरूलाई डोऱ्याउनेछु।”



यूहन्ना 13:13
तिमीहरू मलाई 'गुरु' र 'प्रभु' भन्दछौ,
त्यो तिमीहरू ठीकै भन्दछौ,
किनभने म उही हुँ।

निर्भरता

मलाई तपाईंका
पवित्र आत्माले भर्नुहोस्।

सल्लाहकार • यूहन्ना 14:15-31

येशूले जवाफ दिनुभयो,
“याद राख, तिमीहरू कहिल्यै पनि एकलो छैनौ। म सधैं तिमीहरूको साथमा छु। मेलै मेरा आत्मालाई तिमीहरूका सल्लाहकार, शिक्षक र तिमीहरूका मार्गदर्शक हुनका निम्ति पठाएको छु।”



एफिसी 5:18ख
पवित्र आत्माले भरिपूर्ण होओ।

प्रभाव

मलाई तपाईंको अनुग्रह, सत्यता
र न्यायको साधन बनाउनुहोस्।

येशू र बाल-बालिकाहरू • मत्ती 15:1-6

येशूले जवाफ दिनुभयो,
“तिमीहरू मेरा निम्ति अति महत्त्वपूर्ण र परमेश्वरको राज्यका निम्ति अति विशेष छौ। म तिमीहरूलाई महान् कार्यहरू गर्नका निम्ति प्रयोग गर्न सक्छु।”



यूहन्ना 1:14
हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एक मात्र पुत्रको जस्तो थियो।

चेलापन

मलाई तपाईंको महिमा र
अरूहरूलाई तपाईंको पछि लाग्ने
निमन्त्रणा दिनका लागि
प्रयोग गर्नुहोस्।

टार्ससका शाऊल पावल बने, येशू ख्रीष्टका प्रेरित बने • प्रेरित 9:1-22

येशूले जवाफ दिनुभयो,
“म चाहन्छु, तिमीहरूले आफ्ना मित्रहरू र परिवासँग मेरो विषयमा कुराकानी गर। तिनीहरूलाई मेरो पछि लाग्ने निमन्त्रणा देओ।”

मत्ती 28:19

यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ।

अधिकार

येशूको नाउँमा म प्रार्थना गर्दछु। आमिन।

अन्धो बारतिमै • मर्कूस 10:46-52

येशूले जवाफ दिनुभयो,
“स्वर्ग र पृथ्वीको समस्त अधिकार मलाई दिइएको छ। ममा तिमीहरूले आनन्द, शान्ति, क्षमा, आशा र सुरक्षा पाउनेछौ।”



फिलिप्पी 2:9
त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ।

बाल–बालिकाहरूका निम्ति

प्रार्थनाको करारको शक्ति



शिक्षकको भाग

शुरु गर्नु

बाल-बालिकाहरूको 40 दिनको प्रार्थनाको करारको पाठ्यक्रम एक-एक पंक्ति गर्दै प्रार्थनाको अध्ययन गर्ने मार्गनिर्देशिका हो। तलका श्रेणीहरू अध्ययन मार्गनिर्देशिकाको शुरुदेखि अन्त्यसम्म छन्:

1

के तिमी यो भन्न सक्छौ?

यहाँ नै प्रार्थना र त्यससँग मिल्दाजुल्दा कण्ठ गर्नुपर्ने बाइबल पदहरूसँग बाल-बालिकाहरूलाई परिचय गराइन्छ। बाल-बालिकाहरूलाई प्रार्थना र बाइबल पद कण्ठ, दुवै गर्न अगुवाइ गर्नुहोस्, त्यो तिनीहरूलाई दोहोऱ्याउन दिनुहोस्। केही पटक त्यसो गर्नुहोस्।

2

के तिमी यो भेट्टाउन सक्छौ?

यस विषयमा अझै अरू अध्ययन गर्नका निम्ति थप बाइबल पदहरू दिइएका छन्। बाल-बालिकाहरूले कक्षामा ती हेर्न सक्छन्, पालैपालो गरी सबैले सुन्ने गरी बाइबल पदहरू पढ्न सक्छन्, अनि त्यस पदले तिनीहरूलाई के भन्छ त्यस विषयमा चर्चा गर्न सक्छन्।

3

के तिमी यो महसुस गर्न सक्छौ?

बाल-बालिकाहरू प्रश्न गर्न मन पराउँछन्, अनि त्यसैमा तिनीहरूको मौका हुन्छ! यस ठाउँमा तिनीहरूले त्यस विषय-वस्तुमाथिको आफ्नो चासो, डर, शंका र विश्वास खुल्लमखुल्ला व्यक्त गर्न सक्छन्।

4

जसलाई मन लाग्छ उसैले प्रार्थना शुरु गर्ने कक्षा

यो बाल-बालिकाहरूका निम्ति व्यक्तिगत रूपमा प्रार्थनाको अनुभव गर्ने एकान्त समय हो। ससाना कक्षाहरू भए, तिनीहरू गोलाकारमा उभिन सक्छन्, र जसलाई अगुवाइ हुन्छ उसैले प्रार्थना गर्न सक्छ, वा तिनीहरूलाई अगुवाइ भएअनुसार एक पंक्तिको प्रार्थना गर्न सक्छन्। यो समयको शुरुआत एक पंक्तिको प्रार्थना गर्दै गर्नुपर्छ, त्यसपछि अरूहरूलाई प्रार्थना गर्न दिनुपर्छ। यो एउटा सानो झुन्डमा टेबिलको वरिपरि, भुइँमा, विश्वको मानचित्रमाथि बसेर पनि गर्न सकिन्छ। यसो गर्दा बाल-बालिकाले प्रार्थना गर्न सजिलो र रमाइलो हुन्छ र एक साथ मिलेर प्रार्थना गर्नु राम्रो हुन्छ भनी जान्नेछन्।

शुरू गर्नु

5

त्यस विषयमा कुराकानी गर!

यो खण्डमा बातचित र अन्तर्क्रियालाई प्रोत्साहन दिनका निम्ति केही गहन छलफल सुरु गराउने कुराहरू छन्।

6

के तिमी यो सुन्न सक्छौ?

केटा-केटीहरूका निम्ति बाइबल कथा पढिदिनुहोस्, वा तपाईंको आफ्नै शब्दहरूमा त्यो कथा सुनाउनुहोस्।

7

के तिमी यो गर्न सक्छौ?

यो यस कक्षाको प्रयोग (आफैले अप्नाउनु पर्ने)को भाग हो। बाल-बालिकाहरूले विचार र छलफल गरून् भनी तिनीहरूका अगि चुनौतीहरू र लक्ष्यहरू प्रस्तुत गरिन्छ।

8

अभ्यास पन्नाहरू

कक्षा कोठाको समयलाई असल बनाउन र बाल-बालिकाहरूलाई तिनीहरूले सिकेका कुराहरू दोहोऱ्याएर हेर्न सहायता गर्नका निम्ति तपाईंले प्रत्येक पाठको साथमा रंगिन अभ्यास पन्नाहरू पाउनुहुनेछ। यस पुस्तकको अन्त्यमा प्रार्थना करारको रेकर्ड (लेखाजोखा) राख्ने पन्ना पनि छ, जहाँ बाल-बालिकाहरूले आफूले को-कोसँग करार गरे तिनीहरूका नाउँहरू लेख्न सक्छन्। तपाईं यो www.theprayercovenant.org द्वारा अनलाइन मगाउन सक्नुहुन्छ।

9

यो निचोड् हो!

हामीले सर्वोत्तम कुरा अन्तिम समयका निम्ति बचाएर राखेका छौं। यो कक्षामा क्रियाकलाप गर्ने भाग हो। अगुवाले कालो शब्दहरूद्वारा सुरु गर्छन् र बाल-बालिकाहरूले ती शब्दहरू नीलोमा पढ्छन्। तिनीहरूले त्यस पाठबाट सिकेका कुराको निचोड् रचनात्मक रूपमा लेख्न लगाउनुहोस्। तिनीहरूले पोखेका विचारहरू बोर्डमा लेख्नुहोस् अनि तिनीहरूले लेखेका निचोडमाथि चर्चा हुँदा ध्यान लाएर सुन्नुहोस्। दोस्रो पल्ट यो गर्न लगाउँदा तपाईं छिटोछिटो गर्न लगाउन सक्नुहुन्छ। कक्षा 'समाप्त' गर्दा यस कुरामा रमाइलो गर्नुहोस्।

अनुग्रह

के तिमी यो भन्न सक्छौ?

स्वर्गमा हुनुहुने प्रिय पिता, मलाई प्रेम गर्नुभएकोमा र मलाई तपाईंको सन्तानमध्ये एक बनाउनुभएकोमा तपाईंलाई धन्यवाद छ।

1 यूहन्ना 3:1

हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं।

के तिमी यो भेट्टाउन सक्छौ?

यूहन्ना 3:16

1 यूहन्ना 4:10

रोमी 8:38-39

के तिमी यो महसुस गर्न सक्छौ?

परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भनी तिमी कसरी जान्दछौ?

तिमी आफ्नो प्रेम कसरी प्रकट गर्छौ?

कुन कुराले हामीलाई उहाँको सन्तान बनाउँछ?

कुन कुराद्वारा तिमीलाई प्रेम गरिएको महसुस गर्छौ?

अनुग्रह

"जसलाई मन लाग्छ उसैले प्रार्थना सुरु गर्ने"

कक्षा

यदि तपाईंको कक्षा ठूलो छ भने त्यसलाई ससाना झुण्डमा बाँड्नुहोस्, अनि **"हे स्वर्गमा हुनुहुने प्रिय पिता, मलाई प्रेम गर्नुभएकोमा र मलाई तपाईंको सन्तानमध्ये एक बनाउनुभएकोमा तपाईंलाई धन्यवाद दिन्छु"** भन्दै प्रार्थना सुरु गर्नुहोस्। बाल-बालिकाहरूले त्यो वाक्य दोहोऱ्याएर भन्न लगाउनुहोस्, अनि तिनीहरूलाई परमेश्वरको सन्तान हुन कति मन पर्छ, परमेश्वरको अनन्त प्रेमको अर्थ तिनीहरूका निम्ति के हो भन्ने विषयमा साथै उहाँको प्रेमको निम्ति धन्यवाद दिँदै प्रत्येक बाल-बालिकालाई एक-एक पंक्तीको प्रार्थना गर्न लगाउनुहोस्। यदि तपाईंको कक्षा सानो छ भने तपाईं बाल-बालिकाहरूलाई एक-अर्कोको हात समात्दै गोलाकारमा उभिन लगाएर प्रत्येकलाई तिनीहरूले पाएका अगुवाइअनुसार प्रार्थना गर्न लगाउन सक्नुहुन्छ, तिनीहरूले त्यसो गर्न सक्छन्।

यस विषयमा कुराकानी गर!

- अनुग्रहको अर्थ हामीले त्यो प्रेम पाउने लायकको केही नगरे पनि प्रेम गरिरनु हो।
- हामी जान्दछौं परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ, किनकि उहाँले हामीलाई सृष्टि गर्नुभयो, हामीलाई चाहिने थोकहरू जुटाइदिनुहुन्छ, उहाँका एक मात्र पुत्र येशूलाई हाम्रा निम्ति क्रूसमा मर्न पठाउनुभयो।
- के तिमीहरूलाई अनन्त प्रेमको अर्थ थाहा छ? यसको अर्थ कहिल्यै समाप्त नहुने प्रेम हो। यो खर्बौंखर्ब वर्षमा पनि समाप्त हुँदैन।
- तिमीले केही गल्ती गर्दा यो समाप्त हुँदैन।
- तिमीलाई डर महसुस हुँदा यो समाप्त हुँदैन।
- तिमीले प्रेम गरेको कुनै व्यक्तिको मृत्युहुँदा यो समाप्त हुँदैन।
- तिम्रा आमाबुबाले जागिर गुमाउँदा यो समाप्त हुँदैन।
- तिमी स्कुलको परीक्षामा फेल हुँदा त्यो समाप्त हुँदैन।
- चाहे जे नै भए पनि येशूको प्रेम कहिल्यै पनि समाप्त हुँदैन, कहिल्यै असफल हुँदैन।

बाल-बालिकाहरूलाई परमेश्वरको प्रेमको विषयमा तिनीहरूका विचारहरू खुल्लमखुल्ला भन्न लगाउनुहोस्: परमेश्वरको प्रेम गुमाउने वा खुशी र आनन्दको अनुभव गरेको र उहाँको प्रेमको विषयमा सिकेको।

अनुग्रह

के तिमी यो सुन्न सक्छौ?

हराएको भेडाको दृष्टान्त (लूका 15:1-7)

येशूले परमेश्वरले ती मानिसहरूलाई कति धेरै प्रेम गर्नुहुन्छ भनी सबैले जानून् भन्ने चाहनुहुन्थ्यो। उहाँले तिनीहरूलाई एउटा गोठालो र हराएको भेडाको दृष्टान्त भन्नुभयो। त्यो गोठाला हराएको त्यस एउटा भेडाका निम्ति यति धेरै चिन्तित भयो कि उसले अरू सबै भेडालाई छोडेर त्यो हराएको एउटालाई खोज्न गयो। भेडाहरू कहिलेकहीं बरालिन्छन्, र आफ्नै बाटो लाग्छन्। भेडाहरू असहाय पशुहरू हुन्, जसलाई भालु, ब्वाँसा वा सिंहहरूले सजिलै आक्रमण गरी खान्छन्। गोठालोको काम भेडाहरूलाई खतराबाट बचाउनु हो, अनि त्यस गोठालोले ठीक त्यसै गऱ्यो। त्यसलाई भेट्टाएपछि ऊ रमायो र त्यसलाई आफ्नो काँधमा बोकेर घरमा ल्यायो। अनि उसले त्यो हराएको भेडा पाइएको खुशीमा आफ्ना सबै मित्र र छिमेकीहरूलाई रमाहट गर्न बोलायो। येशूले भन्नुभयो, कुनै एउटा केटी वा एउटी केटीले उहाँलाई उद्धारकर्ताको रूपमा ग्रहण गर्दा स्वर्गमा पनि त्यस्तै रमाहट हुन्छ- किनकि तिनीहरू हराएको अवस्थाबाट भेटिएको अवस्थामा पुग्छन्, अनि त्यस कुराले स्वर्गमा ठूलो आनन्द, रमाहट र उत्सव हुँदछ! सपन्याह ३:१७ ले हामीलाई स्वर्गका पिता उहाँका छोराछोरीहरूमा रमाउनुभएको महसुस गर्न सहायता गर्दछः 'तेरा परमेश्वर सामर्थी हुनुहुन्छ; उहाँले बचाउनुहुनेछ, तेरा कारणले उहाँ आनन्दले रमाउनुहुनेछ। उहाँ आफ्नो प्रेममा चूप रहनुहुनेछ, उहाँ तेरो कारणले गीत गाउँदै आनन्द मनाउनुहुनेछ' (टी.बी.एस. नेपाली बाइबल)। यो वचन सुन्दा तिमीलाई कस्तो लाग्छ?

के तिमी यो गर्न सक्छौ?

- येशू तिम्रा पापहरूका निम्ति मर्नुभयो र अहिले उहाँ तिम्रो हृदयभित्र वास गर्नुहुन्छ भनी विश्वास गर।
- उहाँको अनुग्रहले तिमीलाई उहाँको प्रिय सन्तान बनाएको हो भनी विश्वास गर।
- चाहे जे नै भए पनि तिमीप्रति भएको उहाँको प्रेम कहिल्यै समाप्त हुँदैन भनी विश्वास गर।
- परमेश्वरले तिमीलाई आज कसैसँग उहाँको अनुग्रहको सन्देश बाँड्न प्रयोग गर्न सक्नुहुन्छ भनी विश्वास गर।

अनुग्रह

अभ्यास पन्ना

1. के तिमी प्रार्थनाको पहिलो पंक्ति सम्झन, **अनुग्रह**, अनि त्यो तल लेख्न सक्छौ?

2. **खाली ठाउँ भरः**

   1 यूहन्ना 3:1 "हेर, _____ ले _____ लाई _____ किसिमले _____ गर्नुभएको छ, कि _____ परमेश्वरका _____ भनी _____ हौं।"

3. कुन कुराले तिमीलाई सधैंका निम्ति परमेश्वरको सन्तान बनाउँछ, के तिम्रा आफ्नै शब्दहरूमा बताउन सक्छौ?

4. तिम्रा आमाबुबाले जस्तै येशूले तिमीलाई तिम्रो नाउं द्वारा चिन्नुहुन्छ र तिम्रो बारेमा सबै कुरा जान्नुहुन्छ। यो कुरा जान्दा तिमीलाई कस्तो अनुभव हुन्छ त्यसको वर्णन गर्दै के एउटा वाक्य लेख्न वा एउटा चित्र कोर्न सक्छौ?

5. जवाफ दिने समयः

   धन्यवादी हुनु राम्रो कुरा हो। त्यसले येशूलाई प्रसन्न तुल्याउँछ। के तिमीहरू येशूलाई धन्यवाद दिँदै एउटा छोटो पत्र लेख्न सक्छौ?

अनुग्रह

यो **निचोड** हो।

म राजाहरूका महाराजाका प्रिय सन्तान हुँ।

म हुँ, म हुँ!

म अनन्तसम्मका निम्ति उहाँको मूल्यवान् सम्पती हुँ।

म हुँ, म हुँ!

मैले उहाँको अनुग्रह द्वारा उद्धार पाएको छु, र उहाँको रगत द्वारा छुटकारा पाएको छु।

मैले पाएको छु, मैले पाएको छु!

म उहाँका पखेटाहरूले छोपिएको छु, र हानिबाट जोगाइएको छु।

म छोपिएको छु, म जोगाइएको छु!

म धन्यवादी छु, किनकि मप्रतिको उहाँको प्रेमको कहिल्यै अनत्य हुँदैन।

म छु, म छु!

म सर्वोच्च परमेश्वरको सन्तान हुँ।

आमिन!

शिक्षकले कालो शब्दहरू पढ्दै अगुवाइ गर्छन्, अनि बाल-बालिकाहरू नीलो दाग लगाइएका शब्दहरू पढ्दै जवाफ दिन्छन्। त्यसपछि, कक्षाका विद्यार्थीहरूलाई झुण्डको रूपमा तिनीहरूका आफ्नै निचोड लेख्ने उत्साह दिनुहोस्, तिनीहरूले दिएका सुझावहरू बोर्डमा लेख्नुहोस्। बाल-बालिकाहरूले निचोड लेख्दा तिनीहरूमा हुने उत्साहलाई ध्यान दिएर हेर्नुहोस्!

प्रेम

के तिमी यो भन्न सक्छौ?

तपाईंलाई प्रेम गर्न र तपाईंको आज्ञापालन गर्न मलाई सहायता गर्नुहोस् ।

मत्ती 22:37,38

तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। महान् र पहिलो आज्ञा यही हो।

आज्ञापालन के हो?

के प्रेम आज्ञापालनभन्दा महत्त्वपूर्ण हो?

के तिमी यो महसुस गर्न सक्छौ?

प्रेमलाई आज्ञापालनसँग किन जोडिएको छ?

के तिमी यो भेट्टाउन सक्छौ?

व्यवस्था 7:9

यूहन्ना 14:15

2 यूहन्ना 1:6

कलस्सी 3:20

प्रेम

"जसलाई मन लाग्छ उसैले प्रार्थना सुरु गर्ने"

कक्षा

बाल-बालिकाहरूलाई एकचोटि फेरि **"तपाईंलाई प्रेम गर्न र तपाईंको आज्ञापालन गर्न मलाई सहायता गर्नुहोस्"** भनी प्रार्थना गर्न अगुवाइ गर्नुहोस्। तिनीहरूलाई यो प्रार्थना फेरि दोहोऱ्याउन लगाउनुहोस्। तिनीहरूलाई प्रम र आज्ञापालन सिक्नका निम्ति परमेश्वरसँग सहायता माग्दै एक वाक्यको प्रार्थना गर्ने उत्साह दिनुहोस्।

यस विषयमा कुराकानी गर!

- येशू हामीले आफ्ना आमाबुबाको आज्ञापालन गरौं भन्ने चाहनुहुन्छ।
- येशू हामीले उहाँको आज्ञापालन गरौं भन्ने चाहनुहुन्छ। यसले उहाँलाई प्रसन्न तुल्याउँछ।
- हामी सबै कुरामा परमेश्वरको आज्ञापालन गर्दै उहाँप्रतिको आफ्नो प्रेम प्रकट गर्दछौं।
- यो कथामा तिमीहरू आज्ञापालनपछि आशिष् आएको देख्नेछौ।
- सँगसँगै येशूको आज्ञापालन गर्नु र उहाँलाई पछ्याउनु एउटा रोमांचकारी यात्रा हो।

यहाँ तिमीहरू आज्ञापालनको विषयमा कुरा गर्दै छलफल गर्न सक्छौ। जब हामी आफ्ना आमाबुबाको आज्ञापालन गर्दछौ, तब वास्तवमा परमेश्वरकै आज्ञापालन गरिरहेका हुन्छौं, किनकि उहाँले नै हामीलाई सबै कुरामा आमाबुबाको आज्ञापालन गर्नू भन्नुभएको छ। बाल-बालिकाहरूलाई आज्ञापालन गर्न कुन कुराले कठिन बनाउँछ त्यो भन्न लगाउनुहोस्, तर आज्ञापालन गर्दा तिनीहरूले पाएका आशिषहरूको बारेमा पनि भन्न लगाउनुहोस्। अनत्य मा, प्रेम र आज्ञापालन कसरी परस्पर जोडिएको छ त्यो बुझ्न तिनीहरूलाई सहायता गर्नुहोस्।

प्रेम

के तिमी यो सुन्न सक्छौ?

अब्राहामको कथा (उत्पत्ति 12:1-5)

अब्राहाम आजभन्दा धेरै समय अघि जिएका थिए। तिनी वृद्ध भइसकेका थिए, परमेश्वरले तिनलाई भन्नुभयो, 'तेरो देश, तेरो कुटुम्ब तथा तेरा पिताको घरबाट निस्केर जुन देश म तँलाई देखाउँछु त्यहाँ जा। म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु, र तँलाई आशिष् दिनेछु। म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिषको मूल हुनेछस्। तंद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछ।' अब्राहामले परमेश्वरको आज्ञापालन गरे। तिनी आफ्नी पत्नी सारा, भतिजा लोत र तिनीहरूका सबै मालताल लिएर घरबाट निस्किए। तिनीहरू आफ्नो घरबाट, हारान भनिने शहरबाट आफ्नो नयाँ घरमा गए, जसलाई तिनीहरूले प्रतिज्ञा गरिएको देश भने। के तिमीहरू सोच्न सक्छौ- अब्राहामले किन परमेश्वरले जे भन्नुभयो त्यही गरे? हो, ठिकै भन्यौ। तिनले प्रेम र आज्ञापालन गर्न सिकिरहेका थिए। तिनको आज्ञापालन तिनको जीवनभरि आज्ञापालन, प्रेम र विश्वासमा बढने साहसिक कार्यको सुरुआत मात्र थियो।

के तिमी यो गर्न सक्छौ?

- परमेश्वरले जे भन्नुहुन्छ त्यो गरेर उहाँप्रतिको तिमीहरूको प्रेम र भक्ति प्रकट गर।
- आफ्ना आमाबुबाको आज्ञापालन गर, किनकि यस द्वारा परमेश्वरको आदर हुन्छ।
- केही नबुझे पनि परमेश्वरमा भरोसा र उहाँको आज्ञापालन गर।

प्रेम

अभ्यास पन्ना

1. के तिमी प्रार्थनाको दोस्रो पंक्ति सम्झीन, **प्रेम**, अनि त्यो तल लेख्न सक्छौ?

2. **खाली ठाउँ भरः**

   मत्ती 22:37,38 "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा _____ ले, र आफ्नो सारा _____ ले, र आफ्नो सारा _____ ले _____ गर्नू। महान् र _____ _____ यही हो।"

3. आज्ञापालन गर्नु भनेको अर्थ के हो?

4. आज्ञाकारी हुने सम्बन्धमा सबैभन्दा कठिन कुरा के हुन्छ?

5. **जवाफ दिने समयः**

   धर्काहरू भएको एउटा पन्नामा तिम्रो सुन्दर अक्षरमा आज कण्ठ गर्नुपर्ने पद लेख, अनि त्यसपछि त्यो तिमीलाई मन परेको रंगिन कागतमा टाँस- त्यस्तो रंगिन कागत ठूलो हुनुपर्छ, ता कि त्यो फ्रेमजस्तो देखिओस्। तिमी त्यो तिम्रो सुत्ने कोठाको भित्तामा वा टेबिलमा राख्न सक्छौ, जसले तिमीलाई परमेश्वरको सबैभन्दा ठूलो आज्ञा स्मरण गराउँछ।

आज्ञा पालन

यो निचोड हो।

तिमीहरूले प्रत्येक दिनको सुरुमा के गर्नुपर्छ?

भरोसा, आज्ञापालन र प्रार्थना!

परमेश्वरको पवित्र वचन पढ़दा तिमीहरूले के गर्नुपर्छ?

भरोसा, आज्ञापालन र प्रार्थना!

जब तिमीहरू गल्ती गर्ने परीक्षामा पर्छौ त्यसबेला तिमीहरूले के गर्नुपर्छ?

भरोसा, आज्ञापालन र प्रार्थना!

तिम्रो दिन अति नरामरी बित्दा तिमीहरूले के गर्नुपर्छ?

भरोसा, आज्ञापालन र प्रार्थना!

राति डर लाग्दा तिमीहरूले के गर्नुपर्छ?

भरोसा, आज्ञापालन र प्रार्थना!

तिमीहरूले परमेश्वरको नजरमा मनपर्दो कुन कुरा गर्नुपर्छ?

भरोसा, आज्ञापालन र प्रार्थना!

शिक्षकले कालो शब्दहरू पढ्दै अगुवाइ गर्छन्, अनि बाल-बालिकाहरू नीलो दाग लगाइएका शब्दहरू पढ्दै जवाफ दिन्छन्। त्यसपछि, कक्षाका विद्यार्थीहरूलाई झुण्डको रूपमा तिनीहरूका आफ्नै निचोड लेख्ने उत्साह दिनुहोस्, तिनीहरूले दिएका सुझावहरू बोर्डमा लेख्नुहोस्। बाल-बालिकाहरूले निचोड लेख्दा तिनीहरूमा हुने उत्साहलाई ध्यान दिएर हेर्नुहोस्!

दया

के तिमी यो भन्न सक्छौ?

तपाईं जसरी मलाई प्रेम गर्नुहुन्छ त्यसरी अरूहरूलाई प्रेम गर्न मलाई सहायता गर्नुहोस्।

यूहन्ना 15:12

मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरेँ, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर।

के तिमी यो भेट्टाउन सक्छौ?

मत्ती 5:44-48

1 कोरिन्थी 13:4-7

1 यूहन्ना 4:7-11

1 यूहन्ना 3:18

के तिमी यो महसुस गर्न सक्छौ?

हामीलाई कसलाई प्रेम गर्ने आज्ञा दिइएको छ?

हामीले कसरी प्रेम गर्नुपर्छ?

तिमी कुन समय परिवारको प्रेमको अनुभव गर्दछौ?

तिमी कहिले परमेश्वरद्वारा प्रेम गरिएको अनुभव गर्दछौ?

दया

"जसलाई मन लाग्छ उसैले प्रार्थना सुरु गर्ने"

कक्षा

बाल-बालिकाहरूलाई एकचोटि फेरि **"तपाईंलाई प्रेम गर्न र तपाईंको आज्ञापालन गर्न मलाई सहायता गर्नुहोस्"** भनी प्रार्थना गर्न अगुवाइ गर्नुहोस्। तिनीहरूलाई यो प्रार्थना फेरि दोहोऱ्याउन लगाउनुहोस्। तिनीहरूलाई प्रेम र आज्ञापालन सिक्नका निम्ति परमेश्वरसँग सहायता माग्दै एक वाक्यको प्रार्थना गर्ने उत्साह दिनुहोस्।

यस विषयमा कुराकानी गर!

- अरूहरूलाई प्रेम गर्नु यति महत्त्वपूर्ण छ कि यो परमेश्वरलाई आफ्नो सारा हृदय, प्राण र समझले प्रेम गर्नुसित सम्बन्धित छ।
- अरूहरूलाई प्रेम गर्नुको अर्थ आफ्ना मित्रहरू साथै शत्रुहरूलाई पनि प्रेम गर्नु हो। अहो, त्यो त गाह्रो हुन्छ।
- अरूहरूलाई प्रेम गर्नु भनेको येशूले झैं बलिदानस्वरूप प्रेम गर्नु हो। यसको अर्थ अरूहरूलाई आफूभन्दा अगाडि राख्नु हो।

बाल-बालिकाहरूलाई येशूले झैं अरूहरूलाई प्रेम गर्ने सम्बन्धमा तिनीहरूका चिन्ता र चुनौतीहरू बारे खुल्लमखुल्ला छलफल गर्न लगाउनु होस्। मत्ती ५ अध्यायको खण्ड हेर्नुहोस्। बाल-बालिकाहरूले सम्बन्धहरूमा तिनीहरूले गर्न परेका संघर्षहरूको विषयमा र तिनीहरूलाई मन नपराउने मानिसहरूलाई प्रेम गर्न किन कठिन छ भनी बताउने इच्छा गर्न सक्छन्। पहिलो कोरिन्थी १३ मा वर्णन गरिएको प्रेमका विशेषताहरूको बारेमा कुरा गर्नुहोस्। कुन-कुन पालन गर्न धेरै कठिन छ, र कुन-कुन सजिला छन्?

दया

के तिमी यो सुन्न सक्छौ?

असल सामरी (लूका 10:25-37)

परमेश्वरले जसरी हामीलाई प्रेम गर्नुहुन्छ त्यसरी नै हामीले अरूहरूलाई प्रेम गर्नु भनेको के हो? हामी यो पत्तो लगाऔं। कसैले येशूलाई सोध्यो, 'मेरो छिमेकी को हो?' येशूले एउटा दृष्टान्त भन्दै त्यसको अर्थ बुझाउनु भयो। उहाँले धेरैचोटि त्यसो गर्नुभयो। येशू एक असल कथावाचक हुनुहुन्थ्यो। उहाँले भन्नुभयो, 'एक जना मानिस यरूशलेमबाट यरीहोतिर जाँदैथियो। त्यो डाँकूहरूको फेला पऱ्यो। तिनीहरूले त्यसलाई नाङ्गै पारेर पिटे, र त्योसँग भएको पैसा र अरू सबै थोकहरू लुटे अनि त्यसलाई अधमरो पारी बाटोको किनारमा छोडेर गए। एउटा पूजाहारी त्यही बाटो भएर जाँदैथियो, र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपट्टि तर्केर गयो।' तिमीहरू र मलाई ऊ त्यत्ति दयालु थियो जस्तो लाग्दैन, लाग्छ र? येशूले फेरि भन्नुभयो, 'एउटा लेवी पनि त्यस ठाउँमा आएर त्यसलाई देखेपछि अर्कोपट्टि तर्केर गयो।' अहो, के साँच्चै हो र? त्यसपछि जे भयो, के त्यो तिमीहरूलाई थाहा छ? एउटा सामरी (जसलाई यहूदीहरूले घृणा गर्दथे) ले त्यो घाइते मानिसलाई देख्यो, अनि कल्पना गर त उसले के गऱ्यो? उसले त्यस मानिसको हेरचाह गर्न सहायता गर्दै परमेश्वरको प्रेम प्रकट गऱ्यो। उसले त्यस मानिसका घाउहरू धोइदियो र पट्टी बाँधिदियो, त्यसलाई गधामा बसायो, र एउटा पौवा (आश्रम) मा पुऱ्यायो, र पौवाको मालिकलाई त्यो राम्रो नहोऊञ्जेल त्यसलाई स्याहार्ने बिन्ती गऱ्यो। त्यस सामरीले भन्यो, 'यसको निम्ति लाग्ने खर्चको रूपमा चाँदीका यी केही सिक्काहरू लेऊ, अरू बढी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु।' येशूले यो कथाको अनत्य कसरी गर्नुभयो के तिमीहरूलाई थाहा छ? उहाँले भन्नुभयो, 'जाऊ, तिमी पनि त्यसै गर।'

के तिमी यो गर्न सक्छौ?

- येशूले जस्तै बलिदानस्वरूप प्रेम गर।
- बोलीले मात्र होइन, तर व्यवहारले प्रेम गर। तिमीले अरूहरूलाई वास्ता गर्छौ भने उनीहरूप्रति दया देखाइरहेका हुन्छौ।
- तिमीहरूको सारा हृदयले येशूलाई प्रेम गर अनि उहाँका पवित्र आत्माले तिमीहरूद्वारा अरूहरूलाई प्रेम गरून् भनी बिन्ती गर।

दया

अभ्यास पन्ना

1. के तिमी प्रार्थनाको तेस्रो पंक्ति सम्झन, **दया**, अनि त्यो तल लेख्न सक्छौ?

2. **खाली ठाउँ भरः**

   यूहन्ना 15:12 'मेरो_____ यही हो, कि मैले तिमीहरूलाई_____ _____ गरूँ, तिमीहरूले एक-_____त्यसरी नै_____गर।'

3. येशूको क्रूसको मृत्यु किन तिम्रो निम्ति भएको उहाँको प्रेमको सिद्ध नमूना हो?

4. तिमीले चिनेको कुनै एक जना व्यक्तिलाई बलिदानपूर्ण प्रेम प्रकट गर्ने एउटा तरिका बताऊ।

5. **जवाफ दिने समयः**

   कागत, रंग र कलम लिएर तिमीहरूले प्रेम देखाउन चाहेका व्यक्तिहरूका निम्ति एउटा कार्ड बनाओ। त्यो कार्डको कुनै ठाउँमा आज कण्ठ गर्नुपर्ने बाइबल पदलेख्न सक्छौ।

दया

यो निचोड हो।

हे परमेश्वर, मेरो सारा हृदयले म तपाईंलाई प्रेम गर्दछु!

म गर्दछु, म गर्दछु!

हे परमेश्वर, मेरो सारा प्राणले म तपाईंलाई प्रेम गर्दछु!

म गर्दछु, म गर्दछु!

हे परमेश्वर, मेरो सारा समझले म तपाईंलाई प्रेम गर्दछु!

म गर्दछु, म गर्दछु!

हे परमेश्वर, मेरो सारा शक्तिले म तपाईंलाई प्रेम गर्दछु!

म गर्दछु, म गर्दछु!

तपाईंको प्रेम यस्तो कुरा हो, जुन म देख्न र अनुभव गर्न चाहन्छु!

म चाहन्छु, म चाहन्छु!

म अरूहरूलाई तपाईंको प्रेम वास्तविक हो भनी देखाउन चाहन्छु!

म चाहन्छु, म चाहन्छु!

शिक्षकले कालो शब्दहरू पढ्दै अगुवाइ गर्छन्, अनि बाल-बालिकाहरू नीलो दाग लगाइएका शब्दहरू पढ्दै जवाफ दिन्छन्। त्यसपछि, कक्षाका विद्यार्थीहरूलाई झुन्डको रूपमा तिनीहरूका आफ्नै निचोड लेख्ने उत्साह दिनुहोस्, तिनीहरूले दिएका सुझावहरू बोर्डमा लेख्नुहोस्। बाल-बालिकाहरूले निचोड लेख्दा तिनीहरूमा हुने उत्साहलाई ध्यान दिएर हेर्नुहोस्!

पश्चात्ताप

के तिमी यो भन्न सक्छौ?

मेरा पापहरूका निम्ति म दुःखी छु । मलाई धोएर शुद्ध पार्नुहोस् ।

भजन 51:2

मेरा सबै अधर्मबाट मलाई पूर्ण रूपमा धोइदिनुहोस् र मेरा पापबाट मलाई शुद्ध गरिदिनुहोस्।

केही गल्ती गरिसकेपछि तिमीलाई कस्तो लाग्छ?

तिमीलाई क्षमा गरिसकेपछि कस्तो लाग्छ?

तिमी यो महसुस गर्न सक्छौ?

तिमीलाई कुन कुराले 'मलाई क्षमा गर्नुहोस्' भन्नदेखि रोक्न सक्छ?

के तिमी यो भेट्टाउन सक्छौ?

मत्ती 6:9-15

प्रेरित 3:19

1 यूहन्ना 1:9

पश्चात्ताप

"जसलाई मन लाग्छ उसैले प्रार्थना सुरु गर्ने"

कक्षा

बाल-बालिकाहरूलाई एकचोटि फेरि 'मेरा पापहरूका निम्ति म दुःखी छु। मलाई धोएर शुद्ध पार्नुहोस्' भनी प्रार्थना गर्न अगुवाइ गर्नुहोस्। तिनीहरूलाई यो प्रार्थना फेरि दोहोऱ्याउन लगाउनुहोस्। तिनीहरूलाई प्रेम र आज्ञापालन सिक्नका निम्ति परमेश्वरसँग सहायता माग्दै एक वाक्यको प्रार्थना गर्ने उत्साह दिनुहोस्।

यस विषयमा कुराकानी गर!

- क्षमादानको बारेमा बुझ्नलाई तिम्रो निम्ति सबैभन्दा कठिन कुरा के थियो?
- तिमीहरूलाई चोट पुऱ्याउने अरू मानिसहरूलाई क्षमा गर्नु किन कठिन हुन सक्छ?
- यसो भन्नु किन कठिन हुन्छ, 'म दुःखी छु, मलाई क्षमा गर्नुहोस्।'
- परमेश्वर, तिम्रा आमाबुबा, सहोदर दाजुभाइ, दिदी-बहिनी वा मित्रहरूको अगाडि स्वच्छ भएपछि तिमीलाई कस्तो लाग्छ?

परमेश्वर हाम्रा सबै पापहरू क्षमा गर्न तयार हुनुहुन्छ भन्ने विषयमा कुराकानी गर्दै छलफलमा अगुवाइ गर्नुहोस्। उहाँ हाम्रो उदाहरण हुनुहुन्छ, अनि उहाँले हामीलाई क्षमा गर्नुभएको हुनाले हामी पनि अरूहरूलाई क्षमा गर्न तयार हुनुपर्छ। तपाईंहरू प्रभुको प्रार्थना एकसाथ पढ्न सक्छौ। बाल-बालिकाहरूलाई त्यो समयको बारेमा खुल्लमखुल्ला बताउने उत्साह दिनुहोस्, जुन बेला कसैलाई क्षमा दिनु तिनीहरूलाई गाह्रो भएको थियो, अनि तिनीहरूले क्षमा पाउँदा तिनीहरूलाई कस्तो लागेको थियो त्योसँग तुलना गर्नुहोस्।

पश्चात्ताप

के तिमी यो सुन्न सक्छौ?

क्षमा नगर्ने नोकरको दृष्टान्त (मत्ती 18:21-35)

पत्रुसले येशूलाई सोध्यो, 'मेरो भाइले कति पल्ट मेरो विरुद्ध अपराध गरे मैले त्यसलाई क्षमा गर्ने? के सात पल्टसम्म?' येशूले तिनलाई जवाफ दिनुभयो, 'सत्तरी गुणा सातपल्ट।' अनि उहाँले एउटा दृष्टान्त भन्नुभयो, 'कुनै एक जना राजाले आफ्ना नोकरहरूलाई बोलाएर तिनीहरू उनको कति-कति ऋणी छन् सो भन्न लगाए। एक जना नोकर राजाको धेरै रूपियाँको ऋणी थियो, जुन उसले कहिल्यै तिर्न सक्दैनथ्यो। राजाले भने, 'तेरो ऋण चुकाउन म तँलाई र तेरो परिवारलाई दासको रूपमा बेच्छु।' त्यस मानिसले रुँदै भन्यो, 'होइन, हजूर दयागरी त्यसो नगर्नुहोस्। म बिन्ती गर्छु। दया गरी मेरो परिवार र ममाथि कृपा गर्नुहोस्।' राजा दयालु थिए र त्यसलाई दया देखाए र भने, 'म तँलाई छोडिदिन्छु, तँ ऋणबाट मुक्त भइस्।' तर त्यस मानिसले के गऱ्यो अनुमान गर। त्यो गयो र त्यसको अर्को संगी नोकरलाई भेट्यो, जो त्यसको थोरै पैसाको ऋणी थियो, त्यसले भन्यो, 'यदि तैंले मेरो एक-एक पैसा तिरिनस् भने म तँलाई झ्यालखानमा हालिदिन्छु।' त्यो अर्को नोकरले बिन्ती गर्दै भन्यो, 'कृपया, मप्रति धैर्य गर। बिन्ती छ, मलाई दया गर।' तर त्यस मानिसको हृदय निर्दयी थियो र त्यसले कुनै दया देखाएन। त्यसले संगी नोकरलाई झ्यालखानमा हालिदयो। केही समय नबित्दै राजाले आफूले क्षमा दिएको त्यस नोकरले जे गरेको थियो त्यो थाहा पाए। राजा क्रोधित भए र भने, 'तँ दुष्ट नोकर! तैंले मसँग बिन्ती गरिस्, र मैले तेरो ठूलो ऋण माफी गरिदिएँ। तैंले आफ्नो संगी नोकरप्रति त्यस्तै दया किन देखाइनस्?' अनि थाहा छ, उनले के गरे? उनले त्यसलाई सबै ऋण नतिरूञ्जेल झ्यालखानमा हालिदिए।

के तिमी यो गर्न सक्छौ?

- प्रत्येक दिन तिम्रा पापहरूका निम्ति पश्चात्ताप गर, परमेश्वरले तिमीलाई शुद्ध बनाऊने, तिमीलाई हिउँझैं सेतो बनाऊन् भनी बिन्ती गर।
- परमेश्वरले तिम्रा सबै पापहरू पखाल्नुहुन्छ भनी विश्वास गर।
- परमेश्वरले तिमीलाई पाप नगर्न सहायता गरून् भनी प्रार्थना गर।
- परमेश्वरले तिमीलाई क्षमाशील र दयालु बन्न सहायता गरून् भनी प्रार्थना गर।
- सधैं अरूहरूलाई क्षमा गर्न तयार होऊ र कसैको विरुद्ध मनमा कुनै गुनासो नराख।

पश्चात्ताप

अभ्यास पन्ना

❶ के तिमी प्रार्थनाको चौथो पंक्ति सम्झन, **पश्चात्ताप**, अनि त्यो तल लेख्न सक्छौ?

❷ **खाली ठाउँ भरः**

भजन 51:2 मेरा _____ _____ बाट मलाई _____ _____ धोइदिनुहोस्, र मेरो _____ बाट मलाई _____ गरिदिनुहोस्।

❸ हामीले प्रत्येक दिन आफ्ना पापहरू परमेश्वरको अगि किन स्वीकार गर्नुपर्छ?

❺ हामीले अरूहरूलाई क्षमा दिनु किन महत्वपूर्ण कुरा हो?

❺ **जवाफ दिने समयः**

क्षमादानले जोड्छ- कागजलाई बराबर भागमा काट। कागजको एकपट्टि 'परमेश्वरले मलाई क्षमा दिनुहुन्छ, जब....' लेख। अर्कोपट्टि 'म अरूहरूलाई क्षमा दिन्छु, जब.....' लेख। अनि प्रत्येक भागलाई अर्को भागको भित्रपट्टि सेटेपल वा टेपले गाँस। तिमी परमेश्वरको अनन्त क्षमादानलाई सम्झनका निम्ति त्यो आफ्नो कोठामा झुन्ड्याएर राख्न सक्छौ।

पश्चात्ताप

यो **निचोड** हो।

हामीले कुनै बेला आज्ञा गर्न सकेनौ भने के गर्नुपर्छ?

पश्चात्ताप, प्रार्थना गर्नुपर्छ र फर्कनु पर्छ!

हामीले कुनै बेला गलत कुरा बोलिहाल्यौं भने के गर्नुपर्छ?

पश्चात्ताप, प्रार्थना गर्नुपर्छ र फर्कनु पर्छ!

हामीले कुनै बेला झूटो बोलिहाल्यौ भने के गर्नुपर्छ?

पश्चात्ताप, प्रार्थना गर्नुपर्छ र फर्कनु पर्छ!

हामीले कुनै बेला झगडा गरिहाल्यौं भने के गर्नुपर्छ?

पश्चात्ताप, प्रार्थना गर्नुपर्छ र फर्कनु पर्छ!

हामीले कसैलाई क्षमा गरेनौ भने के गर्नुपर्छ?!

पश्चात्ताप, प्रार्थना गर्नुपर्छ र फर्कनु पर्छ!

हामीले कुनै बेला निदर्यी भयौं भने के गर्नुपर्छ?

पश्चात्ताप, प्रार्थना गर्नुपर्छ र फर्कनु पर्छ!

हामीले आफ्नै चालमा चल्न खोज्यौ र सकेनौ भने के गर्नुपर्छ?

पश्चात्ताप, प्रार्थना गर्नुपर्छ र फर्कनु पर्छ!

शिक्षकले कालो शब्दहरू पढ्दै अगुवाइ गर्छन्, अनि बाल-बालिकाहरू नीलो दाग लगाइएका शब्दहरू पढ्दै जवाफ दिन्छन्। त्यसपछि, कक्षाका विद्यार्थीहरूलाई झुन्डको रूपमा तिनीहरूका आफ्नै निचोड लेख्ने उत्साह दिनुहोस्, तिनीहरूले दिएका सुझावहरू बोर्डमा लेख्नुहोस्। बाल-बालिकाहरूले निचोड लेख्दा तिनीहरूमा हुने उत्साहलाई ध्यान दिएर हेर्नुहोस्!

आराधना

के तिमी यो भन्न सक्छौ?

म मेरो सारा हृदयले तपाईंको प्रशंसा गर्नेछु ।

भजन 9:1

हे परमप्रभु, मेरो पूरा हृदयले म तपाईंको प्रशंसा गर्नेछु। तपाईंका सबै आश्चर्यकर्महरूको वर्णन म गर्नेछु।

के तिमी यो भेट्टाउन सक्छौ?

भजन 145

मत्ती 21:16-17

1 थेसलोनिकी 5:18

प्रकाश 4:8-11

प्रशंसा के हो?

म कसरी परमेश्वरको प्रशंसा गर्न सक्छु?

के तिमी यो महसुस गर्न सक्छौ?

म कहिले परमेश्वरको प्रशंसा गर्न सक्छु?

आराधना

"जसलाई मन लाग्छ उसैले प्रार्थना सुरु गर्ने"

कक्षा

बाल-बालिकाहरूलाई एकचोटि फेरि 'हे परमप्रभु, मेरो पूरा हृदयले म तपाईंको प्रशंसा गर्नेछु' भनी प्रार्थना गर्न अगुवाइ गर्नुहोस्। तिनीहरूलाई यो प्रार्थना फेरि दोहोऱ्याउन लगाउनुहोस्। परमेश्वर कति महान्, भययोग्य र अचम्मका हुनुहुन्छ भन्दै तिनीहरूलाई प्रशंसा र आराधनाको एक वाक्यका प्रार्थनाहरू गर्ने उत्साह दिनुहोस्। यो परमेश्वरको महानताको बारेमा आराधनाको भजनको कुनै पंक्ति वा तिनीहरूले परमेश्वरलाई भन्न चाहेका जुनै पनि कुरा हुन सक्छ।

यस विषयमा कुराकानी गर!

- कहिलेकहीं अरू कुरा गर्नुभन्दा परमेश्वरको प्रशंसा गर्नु सजिलो हुन्छ।
- तिमीलाई परमेश्वरको प्रशंसा गर्नु कहिले सजिलो हुन्छ त्यो बताऊ।
- तिमीलाई परमेश्वरको प्रशंसा गर्नु कहिले गाह्रो पर्छ त्यो बताऊ।
- धन्यवादी हृदयले परमेश्वरलाई प्रसन्न मात्र नल्याएर त्यो उहाँको प्रशंसाको भाग हो। बिहान सुतेर उठ्दा परमेश्वरको प्रशंसा गर। भोजन खाँदा उहाँको प्रशंसा गर। स्कुल जाँदा र घर फर्किंदा उहाँको प्रशंसा गर। राति सुत्नु जानुभन्दा अघि उहाँको प्रशंसा गर।
- प्रशंसा गर्ने बानी बसाल्नुले स्वर्गका पितालाई प्रसन्न मात्र नतुल्याएर तिमीलाई पनि खुशी र आशिषित बनाउँछ।

बाल-बालिकाहरूले आराधना कसरी गर्नुपर्छ भनी जानेका हुन्छन्। तिनीहरू येशूप्रतिको आफ्नो प्रेम लुकाएर राख्न सक्दैनन्, र त्यो एक जनाबाट अर्कोमा सर्ने किसिमको हुन्छ। तिनीहरूलाई कुन किसिमको आराधना मन पर्छ त्यो भन्न लगाउनुहोस्। धन्यवादी हुने विषयमा निश्चय कुरा गर्नुहोस्। हरसमय सबै कुराका निम्ति धन्यवादी हुन गाह्रो हुन्छ। प्रशंसा गर्ने र धन्यवाद दिने बानी बसाल्नु कहिल्यै पनि ढिलो

आराधना

के तिमी यो सुन्न सक्छौ?

ख्रीष्टमसको कथा- (लूका 1 र 2)

धेरै समय अघि, दुइ हजार वर्षभन्दा पहिले, गब्रिएल नाउँका एउटा स्वर्गदूत मरियम नाउँकी एउटी कन्ये केटीलाई भेटन आयो। ऊसँग मरियमका निम्ति विशेष सन्देश थियो। 'नडराऊ, मरियम, किनभने तिमीले परमेश्वरबाट कृपा पाएकी छ्यौ। तिमीले गर्भधारण गर्नेछ्यौ, र एउटा छोरो जन्माउनेछ्यौ, र तिमीले उहाँको नाउँ येशू राख्नेछ्यौ। उहाँ महान् हुनुहुनेछ, र परमप्रधानका पुत्र कहलाइनुहुनेछ।' येशूको जन्म भएपछि ठूलो रमाहट भयो। 'अचानक स्वर्गबाट धेरै स्वर्गदूतहरू ओह्रलेर आए र परमेश्वरको प्रशंसा गर्न लागे। तिनीहरूले भनेः 'सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ, तिनीहरूलाई शान्ति!' चाँडै गोठालाहरू नयाँ जन्मेका राजालाई भेट्न र उहाँको आराधना गर्न आए। तिनीहरूले आफूले देखेका र सुनेका कुराहरूका निम्ति परमेश्वरको महिमा र प्रशंसा गरे। पूर्वबाट ज्योतिषीहरू बालक येशूलाई खोज्दै आइपुगे। आकाशमा चम्केको सुन्दर चम्किलो ताराले रातको समयमा तिनीहरूलाई बाटो देखाए र तिनीहरू आएर राजाको आराधना गरे। मरियमले जस्तै योसेफ, ती गोठालाहरू र ज्योतिषीहरूले येशूलाई सम्मान र आराधना गरे। हामीले पनि उहाँको सम्मान र आराधना गर्नुपर्छ। अनि एक दिन जब हामी स्वर्गमा पुग्छौं हामी उहाँको सिंहासनको वरिपरि सदासर्वदा उहाँको सम्मान र आराधना गरिरहेका हुनेछौं।

के तिमी यो गर्न सक्छौ?

- प्रत्येक दिनभरि परमेश्वरको प्रशंसा गर्नु।
- सबै परिस्थितिहरूमा परमेश्वरको प्रशंसा गर्नु। यो एउटा चुन्नुपर्ने कुरा हो।
- परमेश्वर र परमेश्वरले तिम्रो वरपर राख्नुभएका मानिसहरूप्रति धन्यवादी हृदय हुनुः तिम्रो परिवार, तिम्रा मित्रहरू र तिम्रा शिक्षकहरू
- प्रशंसा गर्ने बानी बसाल्नु।

आराधना

अभ्यास पन्ना

❶ के तिमी प्रार्थनाको पाँचौं पंक्ति सम्झन, **आराधना**, अनि त्यो तल लेख्न सक्छौ?

❷ **खाली ठाउँ भरः**

भजन 9:1 "हे परमप्रभु, मेरो _____ _____ ले म तपाईंको _____ गर्नेछु।

तपाईंका सबै _____ को _____ म गर्नेछु।"

❸ के तिमी भन्न सक्छौ, हामी कुन-कुन प्रकारले येशूको आराधना गर्न सक्छौं?

❹ तिमीलाई अति मन परेको आराधनाको स्वरूप कुन हो?

❺ **जवाफ दिने समयः**

संगीतको बाजा माराका (छ्याकछ्याक गरी बजाउने) बनाउनु सजिलो र रमाइलो हुन्छ। पानीको रित्तो शीशी (बोतल) लाई चामल वा सुकेको सिमीका गेडाहरूले एक चौथाइ भाग जति भर। त्यस शीशीलाई स्टीकरहरू वा रंगीन कलमले कोरेर सजाउ। येशूका निम्ति गाऊ र नाच।

आराधना

यो निचोड हो।

येशू हाम्रा सबै प्रशंसाको योग्य हुनुहुन्छ!

आमिन, आमिन!

हामीले प्रत्येक दिनभरि उहाँको प्रशंसा गर्नुपर्छ!

आमिन, आमिन!

उहाँका छोराछोरीहरूले गाएका सुन्दा उहाँलाई ठूलो आनन्द लाग्छ!

आमिन, आमिन!

यसैले अब सबैतिर उहाँको प्रशंसा गुञ्जियोस्!

आमिन, आमिन!

येशू हामीलाई पापबाट बचाउन आउनुभयो!

आमिन, आमिन!

हामी सदासर्वदा उहाँलाई हाम्रा राजाको रूपमा हेर्नेछौं!

आमिन, आमिन!

शिक्षकले कालो शब्दहरू पढ्दै अगुवाइ गर्छन्, अनि बाल-बालिकाहरू नीलो दाग लगाइएका शब्दहरू पढ्दै जवाफ दिन्छन्। त्यसपछि, कक्षाका विद्यार्थीहरूलाई झुन्डको रूपमा तिनीहरूका आफ्नै निचोड लेख्ने उत्साह दिनुहोस्, तिनीहरूले दिएका सुझावहरू बोर्डमा लेख्नुहोस्। बाल-बालिकाहरूले निचोड लेख्दा तिनीहरूमा हुने उत्साहलाई ध्यान दिएर हेर्नुहोस्!

समर्पण

के तिमी यो भन्न सक्छौ?

हे येशू, म तपाईंलाई प्रभु मानेर तपाईंको पछि लाग्न चाहन्छु। मलाई तपाईंले चाहनुभएको जस्तो व्यक्तिको रूपमा परिवर्तन गर्नुहोस्।

यूहन्ना 13:13

तिमीहरू मलाई 'गुरु' र 'प्रभु' भन्दछौ, त्यो तिमीहरू ठीकै भन्दछौ, किनभने म उही हुँ।

येशूलाई पछ्याउनु भनेको अर्थ के हो?

परमेश्वरले मलाई कसरी परिवर्तन गरिरहनुभएको छ?

तिमी यो महसुस गर्न सक्छौ?

तिमी कुन व्यक्ति वा कुन कुराको पछि लाग्न समर्पित छौ?

के तिमी यो भेट्टाउन सक्छौ?

मत्ती 4:18-22

मत्ती 16:24

गलाती 2:20

समर्पण

"जसलाई मन लाग्छ उसैले प्रार्थना सुरु गर्ने"

कक्षा

बाल-बालिकाहरूलाई एकचोटि फेरि "हे येशू, म तपाईंलाई प्रभु मानेर तपाईंको पछि लाग्न चाहन्छु। मलाई तपाईंले चाहनुभएको जस्तो व्यक्तिको रूपमा परिवर्तन गर्नुहोस्" भनी प्रार्थना गर्न अगुवाइ गर्नहोस्। तिनीहरूलाई यो प्रार्थना फेरि दोऱ्याउन लगाउनहोस्। तिनीहरूलाई येशूको पछि लाग्ने तिनीहरूका इच्छा व्यक्त गर्दै एक वाक्यका प्रार्थनाहरू गर्ने उत्साह दिनुहोस्।

यस विषयमा कुराकानी गर!

- समर्पण गर्नु भनेको कुनै व्यक्ति वा कारणप्रति बफादार रहने प्रतिज्ञा हो।
- समर्पणमा समय, धन, र कठिन परिश्रम सामेल हुन्छन्। यो कुनै खेल खेल्ने झुण्ड जस्तो हुनु हो- जहाँ शुल्क तिर्नुपर्छ, अभ्यास गर्नुपर्छ, र खेल खेल्न जानुपर्छ।
- तिमीहरूले येशूलाई आफ्नो जीवनका प्रभु मानेर समर्पित भई उहाँको पछि लागेको उहाँ चाहनुहुन्छ।
- "मलाई तपाईंले चाहनुभएको जस्तो प्रकारले परिवर्तन गर्नुहोस्," भन्ने भनाइको अर्थ तिमी पूर्ण रूपले येशूमा समर्पित जीवन जिउन चाहन्छौ भन्ने हो।
- आफ्नो वचन (समर्पण) पूरा गर्नु सजिलो हुँदैन।

तपाईंले समर्पणको बारेमा बताउनुहुँदा, बाल-बालिकाहरूलाई तिनीहरूका समर्पण कुन कुरामा छ (खलेकूद, संगीत, इत्यादि) अनि ती समर्पणहरू पूरा गर्नुमा कुन कुरा सजिलो र कुन कुरा कठिन छ सो त्यो भन्न लगाउनु होस्। येशूको समर्पित चेला हुनु भनेको के हो सो बारे बताउनु होस्। ती कुन कुरामा भिन्न छन्? ती कुन कुरामा एक समान छन्? तिनीहरूलाई खुल्लमखुल्ला र इमानदारीसाथ ती कुराहरू भन्ने उत्साह दिनुहोस्।

समर्पण

के तिमी यो सुन्न सक्छौ?

पत्रुस सिद्ध थिएनन् (लूका 22:54-62)

पत्रुसले एकचोटि येशूलाई भने, "अरू सबैले तपाईंलाई इन्कार गरे पनि, मचाहिँ कहिल्यै त्यसो गर्नेछैनँ।" येशूले अर्कै कुरा जान्नुहुन्थ्यो र उहाँले पत्रुसलाई भन्नुभयो, कि भाले बास्नुभन्दा अघि प्रधान पूजाहारीको घरको आँगनमा तिनले उहाँलाई तीन पल्ट इन्कार गर्नेछन्, जहाँ येशूलाई क्रूसमा टाँग्नुभन्दा अघि केरकार गरिएको थियो। येशूले जे भन्नुभएको थियो ठीक त्यस्तै भयो। एउटी नोकर्नीले पत्रुसलाई देखी र भनी, 'तिमी पनि येशूको साथमा थियौ।' पत्रुसले भने, 'होइन, त्यो सत्य होइन- तिमीले के कुरा गर्दैछयौ मलाई थाहा छैन!' फेरि अर्की नोकर्नी केटीले भनी, 'यो मानिस पनि येशूको साथमा थियो,' फेरि पनि पत्रुसले इन्कार गऱ्यो। केही समय बित्यो। पत्रुस डराए र साँच्चै आत्तिए। तिनी मानिसहरूले तिनलाई नचिनून् भनी चाहन्थे, तर फेरि त्यस्तै भयो। 'हामी जान्दछौं, तिमी पनि तिमीहरूमध्ये एक हौ। तिमी गालीलको मानिसजस्तो बोल्छौ।' पत्रुसले सराप्न र शपथ खान थाले र भने, 'म त्यस मानिसलाई चिन्दैचिन्दिनँ!' तर त्यस बेला येशूले जे भन्नुभएको थियो त्यस्तै भयो। भाले बास्यो, 'कुखरी.... काँ!' अहो, पत्रुसले अचानक येशूले भन्नुभएको वचन सम्झे, अनि तिनी रुँदै त्यहाँबाट गए। तिनले थाहा पाए, येशूले अघिबाट जे भन्नुभएको थियो तिनले त्यसै गरेका थिए, र तिनी दुःखी बने। तर थाहा छ के भयो? येशूले पत्रुसलाई त्याग्नुभएन। पछिबाट येशू मृतकबाट फेरि जीवित हुनुभएपछि उहाँले तिबेरियास समुद्रको किनारमा उहाँका केही चेलाहरूको साथमा नास्ता खानुभयो। येशूले पत्रुसलाई 'पत्रुस, के तिमी मलाई प्रेम गर्छौ?' भन्दै तीनचोटि सोध्नुभयो। हरेकचोटि पत्रुसले 'ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु,' भनी जवाफ दिए। अनि येशूले हरेक पल्ट 'मेरा भेडाहरूलाई खुवाऊ' भन्नुभयो। येशूको इच्छा पत्रुस उहाँको चेला बनोस् र अरू चेलाहरू बनाओस् भन्ने थियो। पत्रुस सिद्ध नभए पनि येशू जान्नुहुन्थ्यो कि तिनले उहाँलाई साँच्चै प्रभुको रूपमा पछ्याउन चाहन्थे। पत्रुसले फेरि कहिल्यै पनि येशूलाई इन्कार गरेनन्।

के तिमी यो गर्न सक्छौ?

- येशूलाई तिम्रो जीवनका प्रभु मानेर उहाँको पछि लाग्ने समर्पण गर।
- येशूलाई तिम्रा विचारहरू, व्यवहारहरू र इच्छाहरूमाथि पूर्ण अधिकार गर्न दिने समर्पण गर्नुहोस्।
- येशूलाई यो थाहा देऊ कि तिम्रो निम्ति यो संसारमा अरू कुनै पनि कुराभन्दा उहाँ महत्त्वपूर्ण हुनुहुन्छ, तिमी उहाँको पछि लाग्न चाहन्छौ, उहाँको आज्ञापालन गर्न चाहन्छौ र उहाँजस्तै बन्न चाहन्छौ।

समर्पण

अभ्यास पन्ना

1. के तिमी प्रार्थनाको छैटौं पंक्ति सम्झन, **समर्पण**, अनि त्यो तल लेख्न सक्छौ?

2. **खाली ठाउँ भरः**

   यूहन्ना 13:13: 'तिमीहरू मलाई "_____ र _____, त्यो तिमीहरू _____ भन्दछौ, किनभने _____ _____ हुँ।'

3. येशूको पछि लाग्नु किन एउटा समर्पण हो?

4. तिमी कुन-कुन कुराको निम्ति समर्पित छौ?

5. **जवाफ दिने समयः**

   तिमीहरूको आँखा बन्द गर र येशूलाई सोध, 'यदि म तपाईंको उत्साही चेला बनें भने कस्तो हुनेछ?' तिमीहरूले के गरिरहेका हुनेछौ? येशूले तिमीहरूलाई जे देखाउनुहुन्छ त्यसको चित्र बनाओ, अनि त्यो तिम्रो कक्षालाई र तिम्रा आमाबुबालाई देखाओ।

समर्पण

यो निचोड हो।

तिमी आमालाई दिनभरि घरको काममा सहायता गर्छौ!

त्यो राम्रो हो, त्यो राम्रो हो!

तिमी खेलको दलमा नाउँ लेखाउँछौ तर त्यहाँ गएर खेल्नुपर्छ भनी भुल्छौ!

त्यो नराम्रो हो, त्यो नराम्रो हो!

तिम्रो कक्षामा संघर्ष गरिरहेको एक मित्रलाई सहायता गर्छौ!

त्यो राम्रो हो, त्यो राम्रो हो!

तिमी पियानोको पाठ छोड्छौ, किनकि तिमी अगि बढ्न चाहन्छौ।

त्यो नराम्रो हो, त्यो वराम्रो हो!

तिमीले गरेका सबै वचन (प्रतिज्ञा) हरू पूरा गर्छौ।

त्यो राम्रो हो, त्यो राम्रो हो!

यसैले तिम्रा वचनहरू पालन गर र प्रार्थना गर्नुपर्छ भनी याद राख!

शिक्षकले कालो शब्दहरू पढ्दै अगुवाइ गर्छन्, अनि बाल-बालिकाहरू नीलो दाग लगाइएका शब्दहरू पढ्दै जवाफ दिन्छन्। त्यसपछि, कक्षाका विद्यार्थीहरूलाई झुन्डको रूपमा तिनीहरूका आफ्नै निचोड लेख्ने उत्साह दिनुहोस्, तिनीहरूले दिएका सुझावहरू बोर्डमा लेख्नुहोस्। बाल-बालिकाहरूले निचोड लेख्दा तिनीहरूमा हुने उत्साहलाई ध्यान दिएर हेर्नुहोस्!

निर्भरता

के तिमी यो भन्न सक्छौ?

मलाई तपाईंका पवित्र आत्माले भर्नुहोस् ।

एफिसी 5:15 ख

पवित्र आत्माले भरिपूर्ण होओ।

के तिमी यो भेट्टाउन सक्छौ?

प्रेरित 2:1-17

रोमी 8:26-27

रोमी 15:13

गलाती 5:22-26

के तिमी यो महसुस गर्न सक्छौ?

आत्माले भरिनु भनेको अर्थ के हो?

परमेश्वरमाथि निर्भर रहनु भनेको अर्थ के हो?

आत्माका फल कै-कै हुन्?

हामी आत्माले कसरी भरिन सक्छौं?

निर्भरता

"जसलाई मन लाग्छ उसैले प्रार्थना सुरु गर्ने"

कक्षा

बाल-बालिकाहरूलाई एकचोटि फेरि 'मलाई तपाईंका पवित्र आत्माले भर्नुहोस्' भनी प्रार्थना गर्न अगुवाइ गर्नुहोस्। तिनीहरूलाई यो प्रार्थना फेरि दोहोऱ्याउन लगाउनुहोस्। तिनीहरूलाई आत्माले भरिन र तिनीहरूलाई आत्मा बग्ने माध्यम बनाउनका निम्ति परमेश्वरसँग बिन्ती गर्दै एक वाक्यका प्रार्थनाहरू गर्ने उत्साह दिनुहोस्।

यस विषयमा कुराकानी गर!

- पवित्र आत्माले भरिने भन्ने जुन विषय छ, त्यो बुझ्न सजिलो छैन।
- परमेश्वरले तिमीलाई उहाँको महिमाका निम्ति प्रयोग गर्नु हो भने तिमी उहाँका पवित्र आत्मामा निर्भर हुनुपर्छ।
- तिमी अझ बढी येशूजस्तै हुनु हो भने तिमी उहाँका आत्मामा निर्भर हुनुपर्छ।
- जब तिमी अझ बढी येशूजस्तै बन्छौ र उहाँका आत्माले भरिन्छौ, तब तिमीले आत्माको फल फलाउँछौ।
- प्रेम, आनन्द, शान्ति र धैर्य तिमी भित्र हुने आत्माका फल हुन्।

हामी हरेक दिन मार्गनिर्देशनका निम्ति भर पर्नु सक्ने एक मित्र वा सल्लाहकार हुनुको अर्थ के हो भनी कुराकानी गर्दै छलफल सुरु गर। त्यस्तो सम्बन्ध कस्तो प्रकारको हुन्छ? आत्माका विभिन्न फलको बारेमा छलफल गर। बाल-बालिकाहरूलाई यो भन्न लगाउनुहोस् कि कुन फल प्राप्त गर्नु अरू फलका निम्ति भन्दा बढी संघर्ष गर्नुपर्छ।

निर्भरता

के तिमी यो सुन्न सक्छौ?

सल्लाहकार (यूहन्ना 14:15-31)

केही समय लिएर आफ्ना आँखाहरू बन्द गर, र तिमीले साँच्चै प्रेम गरेको एक जना मित्रलाई सम्झ। के उसको अनुहार देख्छौ? अब त्यो व्यक्तिले यसो भन्दै गरेको कल्पना गर, 'म भोलि धेरै टाढा जाँदैछु, जहाँ तिमी आउन सक्दैनौं। तर चिन्ता नगर, म मेरो आत्मालाई तिमीहरूसँग बोल्न र खेल्नका निम्ति छोडिराख्नेछु।' अब यस्तो कुरा त परमेश्वरले बाहेक अरू कसैले गर्न सक्दैन, तर येशू क्रूसमा मरेर फेरि बौरी उठी स्वर्गमा पिताको दाहिने हातमा बस्नुभन्दा अघि ठीक यस्तै भएको थियो। उहाँले हामीलाई एकलो छाड्नुभएन। यूहन्ना 14:16-17 मा येशूले भन्नुभयो, 'म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। यिनी सत्यका आत्मा हुनुहुन्छ।'

येशूले मण्डलीलाई त्यसको कार्य सुरु गर्न सहायता गर्नका निम्ति उहाँका आत्मा पठाउनुभयो। धेरै समय नबित्दै पेन्तिकोस भनिने एक विशेष दिनमा ठूलो बतास चल्यो, र सबै जनालाई उहाँको पवित्र आत्माले भरिदियो। उहाँका आत्मा तिनीहरूका सल्लाहकार, सहयोगी र मित्रको रूपमा सधैं तिनीहरूका साथमा रहनुहुनेछ।

के तिमी यो गर्न सक्छौ?

- मार्गनिर्देशन, सल्लाह र शिक्षा पाउन परमेश्वरका आत्मामा निर्भर हुन सक्छौ।
- तिम्रा स्वर्गका पितासँग हरेक दिन तिमीलाई उहाँका आत्माले भरिदेऊन् भनी बिन्ती गर।
- तिमीमा आत्माको फल देखिओस् भनी प्रार्थना गर, जुन तिम्रो वरिपरिका मानिसहरूका निम्ति एउटा साक्षी, आशिष् र उत्साह बन्नेछ।

निर्भरता

अभ्यास पन्ना

1. यो केही कठिन हुँदैजाँदैछ, तर तिमी यो गर्न सक्छौं। के तिमी प्रार्थनाको सातौं पंक्ति सम्झन, **निर्भरता**, अनि त्यो तल लेख्न सक्छौ?

2. **खाली ठाउँ भरः**

   एफिसी 5:18 ख _____ _____ले _____ होओ।

3. तल आत्माका फलको नाउँ लेखः

   _____ _____ _____

   _____ _____ _____

   _____ _____ _____

4. तिमीलाई कुन फल प्रकट गर्न सबैभन्दा चुनौतीपूर्ण र कठिन हुन्छ? त्यस विषयमा प्रार्थनाले तिमीलाई कसरी सहायता गर्दछ?

5. **जवाफ दिने समयः**

   कागतमा भाँडाको चित्र बनाऊ। फलका चित्रहरू भएको कागतका विभिन्न फलहरू काटेर तिनमा रंग लगाऊः सुन्तला, स्याउ, केरा, अंगूर- तिमील जे चुन्छौ त्यही। तिनमा टाँस्ने गम लगाएर टोकरीमा टाँस अनि त्यसको फेदमा सफासँग गलाती 5:22 ज 23 लेख। आत्माले भरिनुपर्ने कुरा सम्झनका निम्ति तिमी त्यो कतै झुन्ड्याएर राख्न सक्छौ।

निर्भरता

यो **निचोड** हो।

केटिले उसकी मित्रलाई मण्डलीमा निम्त्याउने निर्णय गरिन्।

आत्मामा? हो, हो, हो!

जोइले पढेन र जाँचमा नकल गऱ्यो।

आत्मामा? होइन, होइन, होइन!

सुजीले सम्पूर्ण कक्षालाई आफ्नो जीवन गवाही सुनाइन्।

आत्मामा? हो, हो, हो!

ब्रियनले आफ्नी बिरामी आमा निको होस् भनी प्रार्थना गऱ्यो।

आत्मामा? हो, हो, हो!

पिटरले त्यस्तो कुनै कुरा लियो, जुन उसको आफ्नो थिएन।

आत्मामा? होइन, होइन, होइन!

जेस्सीले मिसनरीको छोरालाई एउटा पत्र लेख्यो।

आत्मामा? त्यही नै निचोड हो!

शिक्षकले कालो शब्दहरू पढ्दै अगुवाइ गर्छन्, अनि बाल-बालिकाहरू नीलो दाग लगाइएका शब्दहरू पढ्दै जवाफ दिन्छन्। त्यसपछि, कक्षाका विद्यार्थीहरूलाई झुण्डको रूपमा तिनीहरूका आफ्नै निचोड लेख्ने उत्साह दिनुहोस्, तिनीहरूले दिएका सुझावहरू बोर्डमा लेख्नुहोस्। बाल-बालिकाहरूले निचोड लेख्दा तिनीहरूमा हुने उत्साहलाई ध्यान दिएर हेर्नुहोस्!

प्रभाव

के तिमी यो भन्न सक्छौ?

मलाई तपाईंको अनुग्रह, सत्यता र न्यायको साधन बनाउनुहोस् ।

यूहन्ना 1:14

हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एक मात्र पुत्रको जस्तो थियो।

के तिमी यो भेट्टाउन सक्छौ?

मत्ती 19:13-15

प्रेरित 2:16-17

लूका 18:15-17

के तिमी यो महसुस गर्न सक्छौ?

परमेश्वरले मलाई कुन-कुन वरदान दिनुभएको छ?

म कसरी अरूहरूलाई परमेश्वरको अनुग्रह देखाउन सक्छु?

सत्य र झूठबीच के भिन्नता हुन्छ?

झूठ बोल्नु किन गलत हो?

प्रभाव

"जसलाई मन लाग्छ उसैले प्रार्थना सुरु गर्ने" कक्षा

बाल-बालिकाहरूलाई एकचोटि फेरि 'मलाई तपाईंको अनुग्रह, सत्यता र न्यायको साधन बनाउनुहोस्' भनी प्रार्थना गर्न अगुवाइ गर्नुहोस्। तिनीहरूलाई यो प्रार्थना फेरि दोहोऱ्याउन लगाउनुहोस्। तिनीहरूको वरिपरिका अरूहरूलाई उहाँको सत्यता बताउन र उहाँको अनुग्रह देखाउन परमेश्वरले तिनीहरूलाई प्रयोग गरून् भनी उहाँसँग बिन्ती गर्दै एक वाक्यका प्रार्थनाहरू गर्ने उत्साह दिनुहोस्।

यस विषयमा कुराकानी गर!

- येशूले बिरामीहरूलाई निको पार्दै र गरिबहरूलाई सहायता गर्दै प्रत्येक दिन न्याय प्रकट गर्नुभयो।
- उहाँले बूढाबूढी, जवान, धनी वा गरिब बीच कुनै भेदभाव गर्नुभएन।
- उहाँले सबै जनासँग निष्पक्ष व्यवहार गर्नुभयो।
- उहाँ सबै जनाप्रति प्रेमिलो र अनुग्रही हुनुहुन्थ्यो।
- उहाँले सधैं सत्य बोल्नुभयो। उहाँले कहिल्यै पनि झूटो बोल्नुभएन।
- तिमी आफ्ना मित्रहरू, परिवार वा समाजमा न्याय प्रकट गर्न कसरी सहायता गर्न सक्छौ?

बाल-बालिकाहरू कसरी न्यायको प्रतिनिधि बन्न सक्छन् त्यो तिनीहरूलाई भन्न लगाउनुहोस्। सत्य बोल्न कठिन हुने समयको बारेमा छलफल गर। परमेश्वरको वचन आफ्नो हृदयमा लुकाउँदा त्यसले सत्य बोल्न कसरी सहायता गर्दछ?

प्रभाव

के तिमी यो सुन्न सक्छौ?

येशू र बाल-बालिकाहरू (मत्ती 18:1-6)

एक घमाइलो दिउँसो चेलाहरू येशूसँग बातचित गर्दै उहाँको वरिपरि बसिरहेका थिए। अनि जसरी कहिलेकहीं हामीलाई घरमा, स्कुलमा, खेलको मैदानमा कसलाई सबैभन्दा असल व्यवहार गरिन्छ भन्ने कुराको चिन्ता हुन्छ, त्यस्तै ती चेलाहरूले पनि सोचिरहेका थिए। तिनीहरूले टाउको कन्याउदें सोधे, 'अँ, येशू स्वर्गको राज्यमा सबैभन्दा महान् को हो?' मलाई लाग्छ, येशूले कसैको नाउँ भन्नुहुनेछ भनी तिनीहरूले सोचिरहेका थिए। तिनीहरूले के सोचिरहेका छन् भनी येशूले जान्नुहुन्थ्यो, यसैले उहाँले एउटा बालकलाई आफूकहाँ बोलाउनु भयो र भन्नुभयो, 'मेरो छेउमा उभ।' अनि उहाँले आफ्ना चेलाहरूका आँखामा हेर्दै अति अचम्मको कुरा भन्नुभयो, 'जसले यो सानो बालकजस्तै आफूलाई नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा महान् हुनेछ।' त्यसपछि उहाँले अझ अचम्मको कुरा भन्नुभयो, 'जसले मेरो नाउँमा एउटा यस्तो बालकलाई ग्रहण गर्छ, त्यसले मलाई ग्रहण गर्छ।' अहो, तपाईं बुझ्नुहुन्छ, यदि यो कुर येशूले भन्नुभएको हो भने उहाँले साँच्चै भन्नुभएको हो, किनकि उहाँले सधैं सत्य बोल्नुभयो।

येशूमा न्याय गर्ने हृदय थियो। उहाँले सधैं त्यस्ता मानिसहरूसँग समय बिताउनुभयो, जसलाई अधिकांश मानिसहरूले प्रसिद्ध, महान् वा महत्त्वपूर्ण ठान्दैनथे। येशूले गरिबहरूलाई वास्ता गर्नुभयो। उहाँले बिरामीहरूलाई वास्ता प्रकट गर्नुभयो। मनभित्र चोट लागेका मानिसहरूलाई उहाँले शान्ति दिनुभयो। अनि उहाँले सधैं बाल-बालिकाहरूसँग समय बिताउन मन पराउनुहुन्थ्यो, जसलाई अरूहरूले प्रायः बेवास्ता गर्दथे। येशूले भन्नुभयो, 'सानो बालकलाई चोट पुऱ्याउने व्यक्तिको अवस्था भयानक हुनेछ।' परमेश्वरले तिमीलाई कति धेरै प्रेम र वास्ता गर्नुहुन्छ भन्ने के तिमी महसुस गर्न सक्छौ? याद राख, परमेश्वरले तिमीलाई कुनै पनि उमेरमा उहाँको अनुग्रह, सत्यता र न्यायको प्रतिनिधि हुनका निम्ति प्रयोग गर्न सक्नुहुन्छ।

के तिमी यो गर्न सक्छौ?

- परमेश्वरको अनुग्रह, सत्यता र न्यायको प्रतिनिधि हुनका निम्ति तिमीलाई प्रयोग गर्ने अनुमति उहाँलाई देऊ।
- सधैं सत्य बोल्ने तिम्रो हृदयमा निश्चय गर।
- परमेश्वरको वचन कण्ठ गर।

प्रभाव

अभ्यास पन्ना

1. यो केही कठिन हुँदैजाँदैछ, तर तिमी यो गर्न सक्छौं। के तिमी प्रार्थनाको आठौं पंक्ति सम्झन, **निर्भरता**, अनि त्यो तल लेख्न सक्छौ?

2. **खाली ठाउँ भरः**

   यूहन्ना 1:14: "अनि हामीले उहाँको _____ देख्यौं, जुन महिमा _____ बाट आउनुभएको एक मात्र _____ को जस्तो थियो। _____ र _____ पूर्ण।"

3. के तिमीले तिम्रो स्कुल, मण्डली वा छिमेकमा आएको कुनै नयाँ व्यक्तिलाई स्वागत गरेका छौ? यदि गरेका छौ भने, तिमीले त्यो व्यक्तिलाई कहिले स्वागत गरेको हो सो बताऊ। यदि स्वागत गरेका छैनौ भने, के एक पल्ट कोसिस गर्ने त? तिमी जति धेरै पल्ट यो गर्छौ त्यति नै सजिलो हुन्छ!

4. के तिमीलाई कुनै यस्तो समयको बारेमा थाहा छ, जुन बेला तिमीले कसैलाई एउटा कठिन परिस्थितिमा सही कार्य गर्नका निम्ति प्रभाव पार्न वा मनाउन सकेका थियौ?

5. **जवाफ दिने समयः**

   परमेश्वरले तिम्रा वरपरका मानिसहरूकहाँ जानका निम्ति तिमीलाई प्रयोग गर्न सक्नुहुने हुने केही तरिकाहरूबारे के तिमी सोच्न सक्छौ? हुन सक्छ, मण्डलीमा एउटा क्लब सुरु गर्नुपर्छ कि? हुन सक्छ, कहिले मण्डली नजाने कुनै व्यक्तिलाई मण्डलीमा आउने निमन्त्रणा दिनुपर्छ कि? कुनै नयाँ छिमेकीलाई वा तिम्रो कक्षामा आएको नयाँ केटा वा केटीलाई स्वागत गर्नुपर्छ कि?

प्रभाव

यो निचोड हो।

म तपाईंको सत्यताको प्रतिनिधि बन्न चाहन्छु!

म चाहन्छु, म चाहन्छु!

म अनुग्रहका शब्दहरू बोल्न चाहन्छु!

म चाहन्छु, म चाहन्छु!

म प्रत्येक दिन मेरो जीवनमा तपाईंको न्याय प्रकट गर्न चाहन्छु!

म चाहन्छु, म चाहन्छु!

म हराएका र भड्केर गएकाहरूलाई सहायता गर्न चाहन्छु!

म चाहन्छु, म चाहन्छु!

म धेरै सुविधा नहुने मानिसहरूलाई सहायता गर्न चाहन्छु!

म चाहन्छु, म चाहन्छु!

म अरूहरूले बेवास्ता गरेका मानिसहरूलाई सहायता गर्न चाहन्छु!

म चाहन्छु, म चाहन्छु!

म तपाईंको प्रेमको प्रतिनिधि बन्न चाहन्छु।

शिक्षकले कालो शब्दहरू पढ्दै अगुवाइ गर्छन्, अनि बाल-बालिकाहरू नीलो दाग लगाइएका शब्दहरू पढ्दै जवाफ दिन्छन्। त्यसपछि, कक्षाका विद्यार्थीहरूलाई झुण्डको रूपमा तिनीहरूका आफ्नै निचोड लेख्ने उत्साह दिनुहोस्, तिनीहरूले दिएका सुझावहरू बोर्डमा लेख्नुहोस्। बाल-बालिकाहरूले निचोड लेख्दा तिनीहरूमा हुने उत्साहलाई ध्यान दिएर हेर्नुहोस्!

चेलापन

के तिमी यो भन्न सक्छौ?

मलाई तपाईंको महिमा र अरूहरूलाई तपाईंको पछि लाग्ने निमन्त्रणा दिनका लागि प्रयोग गर्नुहोस् ।

मत्ती 28:19

यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ।

के तिमी यो भेट्टाउन सक्छौ?

मर्कूस 16:15

यूहन्ना 17:4-5

रोमी 10:13-17

कलस्सी 3:17

के तिमी यो महसुस गर्न सक्छौ?

मिसनरी भनेको के हो?

चेला भनेको के हो?

हामी कुन अरू तरिकाले अरूहरूलाई येशूको बारेमा बताउन सक्छौं?

परमेश्वरको महिमाका निम्ति केही गर्नु भनेको अर्थ के हो?

चेलापन

"जसलाई मन लाग्छ उसैले प्रार्थना सुरु गर्ने" कक्षा

बाल-बालिकाहरूलाई एकचोटि फेरि "मलाई तपाईंको महिमा र अरूहरूलाई तपाईंको पछि लाग्ने निमन्त्रणा दिनका लागि प्रयोग गर्नुहोस्" भनी प्रार्थना गर्न अगुवाइ गर्नुहोस्। तिनीहरूलाई यो प्रार्थना फेरि दोहोऱ्याउन लगाउनुहोस्। तिनीहरू परमेश्वरको महिमाका निम्ति प्रयोग हुन सकून् र अरूहरूलाई येशूको पछि लाग्न निम्त्याउने कुरामा साहसी बन्न सकून् भनी उहाँसँग बिन्ती गर्दै एक वाक्यका प्रार्थनाहरू गर्ने उत्साह दिनुहोस्।

यस विषयमा कुराकानी गर!

- मिसनरीहरू ती हुन्, जो परमेश्वरद्वारा येशू ख्रीष्टको सुसमाचार प्रचार गर्न बोलाइएका हुन्छन्।
- धेरै चोटि त्यसको अर्थ टाढाका देशहरूमा जानु साथै नयाँ भाषा र संस्कृति सिक्नु पनि हुन्छ। यो बलिदान र परमेश्वरप्रति समर्पित जीवन हो।
- येशू हामी जहाँ बसे पनि मिसनरीहरू बनेका र हाम्रा स्कुल र घरमा ज्योति बनेका चाहनुहुन्छ।

तपाईंले बाल-बालिकाहरूलाई तिनीहरूका मण्डली वा संसारमा तिनीहरूले चिनेका मिसनरीहरूको कथा भन्न लगाउँदै सुरु गर्न सक्नुहुन्छ। तिनीहरूले आफ्नो परिवार र मित्रहरूलाई कुन-कुन प्रकारले येशूको बारेमा बताउन सक्छन् सो बताउने तिनीहरूलाई उत्साह दिनुहोस्।

चेलापन

के तिमी यो सुन्न सक्छौ?

टार्ससका शाऊल पावल बने, येशू ख्रीष्टका प्रेरित बने (प्रेरित 9:1-22)

जुन पावल एक पल्ट ख्रीष्ट र उहाँका विश्वासीहरूलाई घृणा गर्ने व्यक्ति र शत्रु थिए, तिनी सुरु-सुरुको मण्डलीको एक महत्त्वपूर्ण अगुवा र सुसमाचारको मिसनरी बने। यो घटना एक दिन शाऊल (तिनको नाउँ परिवर्तन हुनुअघि) दमस्कसको बाटोमा जाँदैगर्दा भयो। स्वर्गबाट एउटा चम्किलो ज्योति चम्क्यो र तिनी भूइँमा लडे। त्यसले तिनलाई अन्धो बनायो। शाऊलले यसो भनिरहेको आवाज सुने, 'शाऊल, तिमी किन मलाई सताउँछौ?' शाऊलले सोधे, 'प्रभु तपाईं को हुनुहुन्छ?' प्रभुले भन्नुभयो, 'म येशू हुँ, जसलाई तिमी सताउँदैछौ।' शाऊल डरले काँप्न थाले। तीन दिनसम्म तिनले केही देख्न सकेनन्। तीन दिनसम्म तिनले केही खाएनन्, न त केही पिए। हननिया नाउँ भएका एक परमेश्वर-भक्त मानिसलाई परमेश्वरले गएर शाऊललाई भेट्नु भन्नुभयो। येशूले भन्नुभयो, 'हननिया, तिमी गएर शाऊललाई फेरि दृष्टि प्रदान गर। मैले उसलाई एक मिसनरी हुनका निम्ति चुनेको छु।' हननियाले त्यो के कुरा हो बुझ्न सकेनन्। शाऊलले ख्रीष्टियनहरूको विरुद्ध गरेका सबै डरलाग्दा कुराहरू तिनले सुनेका थिए, तापनि हननियाले परमेश्वरको आज्ञापालन गरे। परमेश्वरले शाऊललाई निको पार्नुभयो, अनि शाऊल जहाँ-जहाँ गए त्यहाँ येशूको विषयमा प्रचार गर्न र शिक्षा दिन थाले। धेरै जना मानिस येशूको चेला बने। पछिबाट शाऊलको नाउँ पावल भनी परिवर्तन गरियो। पवित्र बाइबलमा पावलका मण्डलीहरूलाई दिएका शिक्षाहरू र लेखेका पत्रहरू धेरै छन्। तिनले परमेश्वरलाई महिमा दिँदै येशूका निम्ति संसारलाई उलटपुलट पारे अनि अरूहरूलाई पनि त्यसै गर्ने शिक्षा दिए।

के तिमी यो गर्न सक्छौ?

- तिमी जे पनि गर्छौ, त्यो परमेश्वरको महिमाका निम्ति गर्नेछौ भनी तिम्रो हृदयमा निश्चय गर।
- तिमीले परमेश्वरबाट पाएको योग्यता र क्षमताहरूलाई चिन।
- तिमीले गर्ने सबै कुरा येशूलाई दिने उपहार होस्।
- अरूहरूलाई येशूको पछि लाग्ने निम्तो दिनका निम्ति परमेश्वरले तिम्रो साहस बढाइदेऊन् भनी उहाँसँग प्रार्थना गर।
- तिमी जहीं गए पनि उहाँका प्रेमको बारेमा बताउने मौकाहरू पाउन सकूँ भनी परमेश्वरसँग बिन्ती गर।

चेलापन

अभ्यास पन्ना

1. तिमीहरूले प्रायः समाप्त गरिसकेका छौ! के तिमी प्रार्थनाको नौवौं पंक्ति सम्झन, **चेलापन**, अनि त्यो तल लेख्न सक्छौ?

2. **खाली ठाउँ भरः**

   मत्ती 28:19 _____ जाओ, र सबै देशका _____ लाई _____ बनाओ, _____, _____ र पवित्र _____ को नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ।

3. एक मिसनरी को हो?

4. तिमी र म कसरी मिसनरी बन्न र आफ्नै छरछिमेकमा कसरी चेलाहरू बनाउन सक्छौं?

5. **जवाफ दिने समयः**

   तिमीले चिनेको त्यो एक जना व्यक्तिको नाउँ भन, जसले येशूलाई चिन्दैन। तिनीहरूका नाउँ कार्डमा लेख र तिनीहरूका निम्ति प्रत्येक दिन प्रार्थना गर्ने समर्पित बन। याद गर, परमेश्वरले उहाँको प्रेमको बारेमा अरूहरूलाई बताउन तिमीलाई प्रयोग गर्न सक्नुहुन्छ।

चेलापन

यो निचोड हो।

म साँच्चै प्रेम गर्ने परमेश्वरको हृदय प्राप्त गर्न चाहन्छु!

म चाहन्छु, म चाहन्छु!

म साँच्चै सेवा गर्ने परमेश्वरको हृदय प्राप्त गर्न चाहन्छु!

म चाहन्छु, म चाहन्छु!

म जान्दछु, परमेश्वरले उहाँको सानो बालक/बालिकाको रूपमा मलाई प्रयोग गर्न सक्नुहुन्छ।

सक्नुहुन्छ, सक्नुहुन्छ!

उहाँको अनन्त प्रेमको कथा बाँड्नका निम्ति!

हो, हो!

म गएर येशूको नाउँमा चेलाहरू बनाउन चाहन्छु!

म चाहन्छु, म चाहन्छु!

के यस्तै गर्न तिमीहरू मलाई सहायता गर्छौं?

गर्छौं, गर्छौं!

शिक्षकले कालो शब्दहरू पढ्दै अगुवाइ गर्छन्, अनि बाल-बालिकाहरू नीलो दाग लगाइएका शब्दहरू पढ्दै जवाफ दिन्छन्। त्यसपछि, कक्षाका विद्यार्थीहरूलाई झुण्डको रूपमा तिनीहरूका आफ्नै निचोड लेख्ने उत्साह दिनुहोस्, तिनीहरूले दिएका सुझावहरू बोर्डमा लेख्नुहोस्। बाल-बालिकाहरूले निचोड लेख्दा तिनीहरूमा हुने उत्साहलाई ध्यान दिएर हेर्नुहोस्!

अधिकार

के तिमी यो भन्न सक्छौ?

येशूको नाउँमा म प्रार्थना गर्दछु । आमिन ।

फिलिप्पी 2:9

त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ।

के तिमी यो भेट्टाउन सक्छौ?

मत्ती 1:21
मत्ती 28:18
यूहन्ना 14:13
प्रेरित 4:12

यदि संसारको सबै अधिकार तिमीले पाएको भए के हुनेथियो?

येशूको नाउँमा किन शक्ति छ?

तिमी यो महसुस गर्न सक्छौ?

येशू संसारको जिम्मावाल हुनुभएकोले के राम्रो भएको छ?

हामीले येशूको नाउँमा किन प्रार्थना गर्नुपर्छ?

अधिकार

"जसलाई मन लाग्छ उसैले प्रार्थना सुरु गर्ने" कक्षा

बाल-बालिकाहरूलाई कुनै एउटा विषयमा 'येशूको नाउँमा' एक वाक्यको प्रार्थना गर्न अगुवाइ गर्नुहोस्। यो तिनीहरूका आफ्नै निम्ति वा तिनीहरूका प्रियजनका निम्ति चंगाइको विषय, वा तिनीहरू प्रेममा बढ्ने वा परमेश्वारद्वारा विशेष प्रकारले प्रयोग गरिने विषय हुन सक्छ।

यस विषयमा कुराकानी गर!

- बाइबलले भन्छ, **"स्वर्ग र पृथ्वीको समस्त अधिकार मलाई दिइएको छ।'** जब हामी येशूको नाउँमा प्रार्थना गर्छौं, हामीसँग अधिकार हुन्छ।
- यसले यी प्रश्नहरू जन्माउँछः हामीले येशूको नाउँमा प्रार्थना गर्दा के परमेश्वरले हामीले गरेका सबै प्रार्थनाहरूको उत्तर दिनुहुन्छ? के यसको अर्थ परमेश्वरले मैले चाहेका सबै कुरा दिनुहुन्छ भन्ने हो?
- हाम्रो प्रार्थना स्वर्गमा हुनुहुने परमेश्वरको महिमा हुने र पृथ्वीमा उहाँको राज्य विस्तार गर्ने विषयमा केन्द्रित हुनुपर्छ।

बाल-बालिकाहरूलाई तिनीहरूका प्रार्थनाको जीवनको विषयमा खुल्लमखुल्ला बताउन लगाउनुहोस्। के तिनीहरूले आफ्ना प्रार्थनाहरूको उत्तर पाएका अनुभव गरेका छन्? के कुनै-कुनै प्रार्थनाको तिनीहरूले आशा गरेकाजस्तो प्रकारले उत्तर नपाएकोले वा कुनै उत्तर नपाएकोले तिनीहरू निराश भएका छन्?

अधिकार

के तिमी यो सुन्न सक्छौ?

अन्धो बारतिमै - (मर्कूस 10:46-52)

बारतिमै अन्धो अनि भिखारी थियो, ऊ यरीहोको सड्कमा बस्थ्यो। उसले येशू र उहाँले गर्नुभएका उदेकका कामहरूको विषयमा सुनेको थियो। येशूले बिरामी, अन्धो र लङ्गडोहरूलाई निको पार्नुभएको कुरा सुनेको थियो। बारतिमै येशूले उसलाई पनि निको पारिदेऊन् भन्ने चाहन्थे। ऊ उच्च सोरमा करायो, 'येशू, प्रभु, ममाथि दया गर्नुहोस्!' बारतिमैको छेउछाउमा हुने मानिसहरू दयालु थिएनन्। तिनीहरूले उसलाई हप्काउँदै भने, 'तँ चूप लाग!' तर बारतिमैले तिनीहरूलाई टेरेन र येशूलाई पुकारिनै रह्यो। येशूले उसको सोर सुन्नुभयो, र भन्नुभयो, 'उसलाई मकहाँ ल्याओ!' भीडले भन्यो, 'ढाडस गर्, उठ्, उहाँले तँलाई बोलाउँदैहुनुहुन्छ!' बारतिमै आफ्नो खास्टो फालेर जुरुक्क उठ्यो र येशूको छेउमा गयो। येशूले सोध्नुभयो, 'तिमी के चाहन्छौ?' बारतिमैले भन्यो, 'म देख्न चाहन्छु!' येशूले जवाफ दिनुभयो, 'तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।' बारतिमैले येशूसँग मानिसहरूलाई निको पार्ने शक्ति छ भनी विश्वास गऱ्यो। बारतिमै देख्न सक्ने भएपछि कति खुशी भयो होला त्यो तिमीहरू कल्पना गर्न सक्छौ। तिनको दृष्टि खुलेर येशूलाई देख्नु तिनको निम्ति कस्तो अचम्म भयो होला भन्ने कुराको के कल्पना गर्न सक्छौ? उसको जीवन पहिलेको जस्तो रहेन। उसले सबैलाई येशूले गर्नुभएका अचम्मका कामहरूको विषयमा बताउँदै उहाँको पछि लाग्यो।

के तिमी यो गर्न सक्छौ?

तिम्रो प्रार्थनालाई स्वर्गमा हुनुहुने तिम्रा पिताको महिमा हुने कुरामा केन्द्रित गर।

- येशूको नाउँमा परमेश्वरसँग बुद्धि र अगुवाइ माग।
- येशूको नाउँमा परमेश्वरसँग चंगाइ र शक्ति माग।
- येशूको नाउँमा शक्ति छ भनी तिम्रो हृदयमा विश्वास गर।

अधिकार

अभ्यास पन्ना

1. बधाई छ! तिमीहरूले प्रार्थनाको अन्तिम अन्तिम पंक्ति समाप्त गरेका छौ!, **अधिकार**, के त्यो तल लेख्न सक्छौ?

2. **खाली ठाउँ भरः**

   फिलिप्पी 2:9: यसैकारण परमेश्वरले उहाँलाई अति _____ पार्नुभयो, र उहाँलाई त्यो _____

   _____गर्नुभयो, जो हरेक _____भन्दा उच्च छ।

3. आजको बाइबल कथामाथि विचार गर, तिम्रो विचारमा बारतिमै येशूद्वारा किन निको पारियो? यदि येशूले बारतिमैको सोर सुन्नुभयो भने के उहाँले तिम्रो सोर पनि सुन्न सक्नुहुन्छ? अनि यदि येशूले तिम्रो सोर सुन्नुहुन्छ भने उहाँले बारतिमैको प्रार्थनाको उत्तर दिनुभएझैं के तिम्रो प्रार्थनाको उत्तर पनि दिन सक्नुहुन्छ? यसको उत्तर हो, 'हो, दिन सक्नुहुन्छ!' तिमी परमेश्वरसँग प्रार्थना गर्दै चंगाइ, शक्ति, आफ्नै र अरूहरूका निम्ति सहायता माग्न सक्छौ, किनकि परमेश्वरले सुन्नुहुन्छ र प्रार्थनाको उत्तर दिनुहुन्छ!

5. **जवाफ दिने समयः**

   प्रार्थनाको विषयहरूका एउटा बाकस बनाऊ। तिमीहरू कुनै पनि बाकस प्रयोग गर्न सक्छौः जुत्ताको बाकस, तिमीहरूले चुनेका कुनै पनि आकारको कार्डबोर्ड बाकस। त्यो बाकसलाई रंगीन कागतले त्यो सजाउन वा स्टीकरहरू टाँस्न सक्छौ वा यी शब्दहरू लेख्न सक्छौः मेरो प्रार्थनाको बाकस। तिम्रो प्रार्थनाका विषयहरू लेख अनि त्यो बाकसमा राख, अनि प्रत्येक दिन प्रार्थना गर्नुपर्छ भनी सम्झ। जब परमेश्वरले तिम्रा प्रार्थनाहरूको उत्तर दिनुहुन्छ तब ती लेख्न नभुल, अनि उहाँले तिम्रा प्रार्थनाहरू सुनेर उत्तर दिनुभएका निम्ति सधैं उहाँलाई धन्यवाद देऊ!

अधिकार

यो **निचोड** हो।

येशूको नाउँ अरू हरेक नाउँभन्दा उच्च छ!

आमिन, आमिन!

येशूको नाउँ हामी सत्यता र अधिकार पाउँछौं!

आमिन, आमिन!

येशूको नाउँ हामी चंगाइ र शक्ति पाउँछौं!

आमिन, आमिन!

येशूको नाउँ हामी आशा र आनन्द पाउँछौं!

आमिन, आमिन!

येशूको नाउँ हामी अनुग्रह र शान्ति पाउँछौं!

आमिन, आमिन!

येशूको नाउँमा हामी सिद्ध प्रेम पाउँछौं!

आमिन, आमिन!

शिक्षकले कालो शब्दहरू पढ्दै अगुवाइ गर्छन्, अनि बाल-बालिकाहरू नीलो दाग लगाइएका शब्दहरू पढ्दै जवाफ दिन्छन्। त्यसपछि, कक्षाका विद्यार्थीहरूलाई झुन्डको रूपमा तिनीहरूका आफ्नै निचोड लेख्ने उत्साह दिनुहोस्, तिनीहरूले दिएका सुझावहरू बोर्डमा लेख्नुहोस्। बाल-बालिकाहरूले निचोड लेख्दा तिनीहरूमा हुने उत्साहलाई ध्यान दिएर हेर्नुहोस्!

मेरो प्रार्थना करारको रेकर्ड (लेखाजोखा)

नाउँ	मिति

मेरो परिवार वा मण्डलीले 40 दिने प्रार्थना करारको अनुभव कसरी गर्न सक्छन्?

प्रार्थना करारको अनुभव गर्ने सर्वोत्तम उपाय मण्डली र परिवारले एकसाथ प्रार्थनाको करारको प्रार्थना गर्ने जीवनशैली अप्नाउन थाल्नु हो।

परिवार

धेरै वटा कारणले गर्दा एउटा परिवारलाई एकसाथ प्रार्थनामा बसाउन कठिन हुन्छ, ती कारणहरू लेखेर लेख्न सकिंदैन। तापनि, प्रार्थनाको करारले एकसाथ मिलेर प्रार्थना गर्ने एउटा सरल र सहज उपाय प्रदान गर्दछ।

एउटा परिवारको भोजनको समय बाल-बालिकाहरूको करारको प्रार्थनाद्वारा समाप्त भएको कल्पना गर्नुहोस्। सायद परिवारले मिलेर एकैसाथ प्रार्थना गर्छ, हुन सक्छ, कसैले ठूलो सोरमा प्रार्थना गर्छ भने अरूहरूले चाहिँ मनमनै प्रार्थना गर्नेछन्, सायद एक-एक जनाले त्यो प्रार्थनाको प्रत्येक पंक्ति लिएर प्रार्थना गर्नेछ। रचनात्मक हुनुहोस्, प्रत्येक रात भिन्नभिन्नै प्रकारले प्रार्थना गर्नुहोस्। त्यसको निम्ति लामो समय लिनुपर्दैन- छोटो, सरल र सीमित प्रार्थना गर्नुहोस्।

निश्चय, त्यो प्रार्थनाले प्रश्नहरू उत्पन्न गर्न सक्छ वा परमेश्वरले तिम्रो परिवारमा गरिरहनुभएका कामहरूबारे विचारहरू उत्पन्न गर्न सक्छन्। तपाईंका छोराछोरीहरूको आत्मिक उत्सुकताप्रति सचेत हुनुहोस्। स्वाभाविक बातचित हुन थालेपछि समयलाई केही तन्काएर आत्मिक कुराहरूको आनन्द लिन सकिन्छ। सुत्ने बेलामा आमा र बुबाले एकसाथ यस पुस्तकमा भएको बाल-बालिकाहरूको खण्ड पढ्न सक्नुहुन्छ, वा तपाईंको छोरा वा छोरीले तपाईंको निम्ति त्यो पढेको सुन्न सक्नुहुन्छ। हुन सक्छ, हरेक रात तपाईं बाल-बालिकाहरूको प्रार्थनाको करार पुस्तकको अन्त्यमा भएको एउटा भिन्नै बाइबल पद पढ्न चाहनुहुन्छ। यस पुस्तकको दोस्रो भागमा दिइएको शिक्षकहरूको सामग्रीहरूले सुत्ने बेलामा गरिने कुराकानीको बारेमा रचनात्मक र नयाँ-नयाँ तरिकाहरू प्रदान गर्दछ।

बाल-बालिकाहरूको प्रार्थनाको करारका कार्ड छ भने तिनका धेरै वटा कपीहरू हुनु राम्रो हुन्छ- ती कपीहरू भोजन खाने कोठामा र सुत्ने कोठामा राख्नुहोस्। यस्ता कार्डहरू धेरै चाहिए यो वेबसाइटमा मगाउन सकिन्छः www.theprayercovenant.org

परिवार

छोराछोरीहरूको आत्मिक विकासमा मण्डलीले सहायक भूमिका खेल्नुपर्छ। यदि हामी येशूका चेलाहरूको विश्वासयोग्य पुस्ता हुर्काउन चाहन्छौं भने तिनीहरू विश्वास गर्ने पुस्ताहरूद्वारा घेरिनुपर्छ, जसले येशूसँग तिनीहरूको सम्बन्धलाई बलियो बनाउँछ। त्यो सम्बन्ध बलियो बनाउने एउटा प्रभावकारी साधन प्रार्थना नै हो। हामी विश्वास गर्छौं, बाल-बालिकाहरूको प्रार्थनाको करार पुस्तकले चरणबद्ध पाठ्यक्रम प्रदान गर्दछ, जसले प्रार्थनाको बलियो जग निर्माण गर्दछ। यो पाठ्यक्रम फेरबदल गर्न सकिने किसिमको छ, यसैले तपाईंको बाल-संगति (सन्डे स्कुल) को कक्षाका निम्ति 10 देखि 12 हप्तासम्म वा VBS कार्यक्रम वा सानो झुन्डमा अध्ययन गर्नका निम्ति कुन कुरा सबैभन्दा राम्रो हुनेछ त्यो तपाईं निर्णय गर्न सक्नुहुन्छ। हामी यो दुइ चरणमा पढाउने सल्लाह दिन्छौं। पहिलो, दश हप्ताको अवधिमा बाल-बालिकाहरूलाई दश वटा विषयवस्तुमा चेला बनाउनुहोस् अनि त्यसपछि तिनीहरूलाई एक जना मित्र वा परिवारको सदस्यको साथमा 40 दिनसम्म करारमा आउने निमन्त्रणा दिनुहोस्। अनि तिनीहरूलाई बाल-बालिकाहरूको प्रार्थनाको करारको क्लब सुरु गर्न पठाउनुहोस्, जो मण्डलीको, तिनीहरूका स्कुलको, तिनीहरूका मित्रहरूको र परिवारको प्रार्थनाका विषयहरूको निम्ति प्रार्थना गर्न हप्तामा एकचोटि भेला हुने गर्छन्। प्रार्थना शक्ति हो अनि बाल-बालिकाहरूलाई प्रार्थनाको शक्तिको अनुभव गर्न दिँदा त्यसले विभिन्न प्रकारले तिनीहरूको विश्वासलाई बलियो बनाउँछ। बाल-बालिकाहरूको अन्तिम पन्ना निश्चित रूपमा जाँच्नुहोस्ः https://theprayercovenant. org/kids/. तपाईं सारा संसारका प्रार्थना करारका बाल-बालिकाहरूबाट धेरै वटा सामग्री, चित्र र जीवन गवाहीहरू पाउनुहुनेछ। हामीलाई कथाहरू मन पर्छ। कृपया तपाईंको प्रार्थना करारका कथाहरू लेख्नहोस् र हामीलाई बताउनुहोस्। हामीलाई तपाईंको कथा सुन्नु मन पर्छ।

परिवार

जसरी धेरै दाऊरा एकैचोटि बाल्दा आगो झरिलो हुन्छ, त्यसरी नै धेरै सदस्यले एक-अर्काका निम्ति एकसाथ प्रार्थना गर्दा प्रार्थना करारको शक्ति फुकाइन्छ। ठीक त्यसरी नै जब सम्पूर्ण परिवार, आमाबुबा र छोराछोरीहरू प्रार्थनाको करारभित्र प्रवेश गर्छन्, तब त्यसको शक्ति परिवार भित्र र बाहिर चम्किन्छ।

सामग्रीहरू यो वेबसाइटमा उपलब्ध छन्ः www.theprayercovenant.org

म कसरी सहायता गर्न सक्छु?

तपाईंको योगदानले भिन्नता ल्याउन सक्छ!

हामी बाल-बालिकाहरूको प्रार्थनाको करारलाई अगाडि बढाइरहौं-

यो पृथ्वीको चारै कुनामा फैलाउन हामीलाई सहायता गर्नुहोस्!

सन् 2018 सम्म हामी अफ्रिका, एशिया, ल्याटिन संसार र मध्य पूर्व संसारका 48 देशमा छौं।

बाल-बालिकाहरूको प्रार्थनाको अभियान सुरु भएको छ- यस अभियानमा सामेल हुनुहोस्!

कृपया, यो वेबसाइट खोलेर हेर्नुहोस्ः https://theprayercovenant.org/kids/

बाल-बालिकाहरूका निम्ति

40 दिने प्रार्थनाको करार!

बधाई

तपाईंलाई बधाई छ, तपाईंले बाल-बालिकाहरूको प्रार्थनाको करार पाठ्यक्रम पूरा गर्नुभएको छ अनि जीवन परिवर्तन गर्ने परमेश्वरको प्रेम र अनुग्रहको बारेमा सबै कुरा बुझ्नुभएको छ। तपाईं व्यक्तिगत रूपले उहाँको प्रेम, अनुग्रह, दया र क्षमाको अनुभव गर्न सक्नुहुन्छ।

त्यो कथाको भेडाजस्तै हामी पापले गर्दा बरालिएर हराएका छौं। हामी परमेश्वरबाट अलग भएका छौं। तर हामीलाई हाम्रा पापबाट छुटकारा दिन येशू, असल गोठालो आउनुभयो। उहाँ हाम्रा पापको मूल्य तिर्न क्रूसमा मर्नुभयो र तीन दिनपछि मरेकोबाट फेरि जीवित हुनुभयो। यदि हामीले उहाँलाई आफ्ना व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा उहाँलाई आफ्नो हृदयमा ग्रहण गऱ्यौं भने उहाँले हामीलाई क्षमा दिनुहुन्छ। त्यो कथामा गोठालोले त्यो हराएको भेडालाई खोजेझैं उहाँले तपाईंलाई खोजिरहनुभएको छ।

यदि तपाईंले विश्वास गर्दै यो सरल प्रार्थना गर्नुभयो भने तपाईं सधैंभरिका लागि येशूको बन्नुहुनेछ र तपाईंको अनन्तता उहाँको साथमा बिताउनुहुनेछ। यो प्रार्थना गर्नुहोस्,

> ***हे स्वर्गमा हुनुहुने पिता,***
>
> ***म मेरा पापहरूका निम्ति दुःखी छु। मलाई धोएर शुद्ध पार्नुहोस्।***
> ***म तपाईंलाई मेरो हृदयमा प्रभु र उद्धारकर्ताको रूपमा ग्रहण गर्दछु।***
> ***मलाई प्रेम गर्नुभएका र तपाईंको सन्तान बनाउनुभएका निम्ति धन्यवाद।***
>
> ***येशूको नाउँमा म प्रार्थना गर्दछु, आमिन।***

जसरी हराएको भेडा भेट्टाउँदा त्यो गोठालो आनन्दित भएको थियो, त्यसरी नै येशू आनन्दित हुनुभएको छ। उहाँ भन्नुहुन्छ, 'परमप्रभु तेरा परमेश्वर तँसित हुनुहुन्छ। उहाँ बचाउनलाई सामर्थी हुनुहुन्छ। उहाँ तँसित अत्यन्तै आनन्दित हुनुहुन्छ'(सपन्याह ३:१७)।

अब तपाईं परमेश्वरको अचम्मको अनुग्रहको सुसमाचार अरूहरूलाई बताउन थाल्नुहुन्छ र येशूको पछि लाग्नुको अर्थ के हो त्यो सँगसँगै सिक्न सक्नुहुन्छ।